# तेस्रो अध्याय

## ३. परिवेश विमर्शका दृष्टिले ‘ऋतुविचार’ खण्डकाव्यको अध्ययन

### ३.१ कवि लेखनाथ पौड्यालको सङ्क्षिप्त परिचय

पण्डित दुर्गादत्त र वसुन्धरा देवीका जेठा छोराका रूपमा लेखनाथ पौड्यालको जन्म सन् १८८४-मा नेपाल अधिराज्यको गण्डकी अञ्चलअन्तर्गत कास्की जिल्लाको अर्धौं पौवा गाउँ पन्चायतअन्तर्गत अर्चले भन्ने ठाउँमा भएको थियो। घरबाट नै अक्षर ज्ञान सुरु गरेका लेखनाथलाई पन्ध्र वर्ष पुग्दा नपुग्दै आमा-बाबुले रानीपोखरी संस्कृत छात्रावासमा भर्ना भई पढ्न भनी काठमाडौँ पठाए।[1] वासुदेव त्रिपाठीको भनाइ अनुसार छात्रावास-काल (सन् १८९९-१९०२) देखि नै लेखनाथको कविता-उपासनाको सङ्कल्प दरिइसकेको थियो।[2]

बनारसमा मध्यमा परीक्षा दिन गएका लेखनाथले ‘न्यायमुक्तावली’-को दर्शनपत्रको राम्रो अध्ययन गर्न नपाउँदा उक्त परीक्षामा उनी अनुत्तीर्ण भएको थाहा लाग्दछ।[3] बनारसबाट परीक्षा दिई काठमाडौँ फर्केपछि नेपाली भाषाको श्लोक रचना गर्नमा उनको अभिरुचि बढ्न गएको हो भन्ने राममणि रिसालको विचार देखिन्छ।[4] यद्यपि बनारसबाट प्रकाशित भएको ‘सूक्तिसुधा’ संस्कृत पत्रिकामा लेखानाथका ‘पाठशाला विशाला’ जस्ता समस्यापूर्ति र कविता छापिन थालेको वासुदेव त्रिपाठीले बताएका छन्।[5] पण्डित दुर्गाप्रसाद शर्माद्वारा सम्पादित ‘कविता-कल्पद्रुम’ सङ्ग्रहमा लेखनाथका ‘शृङ्गारपच्चीसी’ र ‘मानसाकर्षिणी’ सन् १९०४ मा छापिएको त्रिपाठीले उल्लेख गरेका छन्।[6] लेखनाथको काव्य जीवन नेपाली साहित्येतिहास र विकासको गतानुगतिको प्रतिरूप छ भन्ने यज्ञराज सत्याल स्वीकार गर्छन्।[7] सन् १९५१ मा लेखनाथ पौड्याललाई ‘कविशिरोमणि’ पदविद्वारा विभूषित गरिए पछि सन् १९५४ मा रथयात्राद्वारा अभिनन्दन, सन् १९५७ मा ‘शाही नेपाल एकेडेमी’-को सदस्यता र सन् १९६९ मा ‘त्रिभुवन पुरस्कार’-द्वारा सम्मानित गरियो।

---

[1] वासुदेव त्रिपाठी, सन् १९७७, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि, कीर्तिपूर, पृ ३
[2] वासुदेव त्रिपाठी, सन् १९७७, पूर्ववत्, पृ ४
[3] वासुदेव त्रिपाठी, सन् १९७७, पूर्ववत्, पृ ४
[4] राममणि रिसाल, सन् २००१, नेपाली काव्य र कवि, साझा प्रकाशन, काठमाडौँ, पृ ४२
[5] वासुदेव त्रिपाठी, सन् १९७७, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पूर्ववत्, पृ ४
[6] वासुदेव त्रिपाठी, सन् १९७७, पूर्ववत् पृ ४
[7] यज्ञराज सत्याल, सन् १९६०, नेपाली साहित्यको भूमिका, प्रकाशन विभाग शिक्षा विकास योजना, श्री ५ को सरकार, पृ ५१

समस्यापूर्तिका माध्यमबाट काव्य-लेखनको अभ्यास सुरु गर्ने लेखनाथको महत्त्वपूर्ण कविता 'वर्षा-विचार' सन् १९०९ मा 'माधवी'-मा प्रकाशित भयो। त्यसैले लेखानाथका प्रारम्भिक चरणका कविताहरू तत्कालीन नेपाली साहित्यमा व्याप्त शृङ्गारिक प्रवृत्तिले प्रभावित भएका देखिन्छन् तर उनको मौलिक कविताधाराको मूल प्रवर्तन भने 'माधवी' पत्रिकाका माध्यमबाट भएको हो। क्षणिक भौतिक सुख-विलास नै दुःखको कारण हो। त्यसै भोग-विलासका मदले मानवीय मूल्यहरू निस्सार हुँदै गएका रहस्यहरू उनका कविताका साझा सन्देशहरू हुन्। नेपाली समाजलाई नैतिकता अनि सांस्कृतिक जागरूकताको सन्देश उनले आफ्ना प्रत्येक कविताका श्लोकहरूमा दिएका छन्।

उत्तम कुँवरको "शिरोमणिज्यू, तपाईँ कुन ध्येय राखी साहित्य रचना गर्नुहुन्छ?" भन्ने प्रश्नमा लेखनाथ पौड्यालले यसरी उत्तर दिएका थिए "अक्सर गरी मेरा कविता, नाटक आदि समाज सुधारकै निम्ति लेखिएका छन्। यो कुरा 'सत्यकलि संवाद', 'लक्ष्मीपूजा' –मा पाइन्छ। फेरि जहाँसम्म म सम्झन्छु मेरो कलमले नैतिकताको सीमा उलङ्घन गरेको जस्तो पनि लाग्दैन।"[8] लक्ष्मीप्रसाद देवकोटा उनलाई आधुनिक युगका ऋषि मान्दछन् अनि उनको जीवन-दर्शनलाई ऋषिको जस्तो हरियो साम्यवाद भन्ने संज्ञा दिन्छन् साथै भानुभक्तबाट एउटा विशेष मौलिक अनुहार प्राप्त गर्न सफल भएको नेपाली काव्य-शैलीले लेखनाथबाट अझ उत्कर्ष प्राप्त गर्दछ भन्ने घनश्याम नेपालले लेखेका छन्।[9]

शरीरमा अन्तिम सास बाँकी रहँदासम्म अपूर्ण 'गंगा गौरी'-का श्लोक रचनामा व्यस्त रहने लेखनाथले आफ्नो जीवन साहित्यलाई अर्पण गरेका थिए। "नेपालकै माटोमा मर्छु काशी जानु पर्दैन" भन्ने कविशिरोमणि लेखनाथ पौड्यालले सन् १९६५ शिवरात्रीको दिन आफ्नो देह त्याग गरे।

लेखनाथ पौड्यालका काव्य-कृतिहरू यस प्रकार छन्- 'ऋतुविचार' (सन् १९१६/१९३५), 'बुद्धिविनोद' (सन् १९१६/१९३७), 'भतृहरि निर्वेद' नाटक (सन् १९१५), 'पञ्चतन्त्र' अनुवाद (सन्१९२७), 'लक्ष्मीपूजा' नाटक (सन् १९३७), 'सत्यकलि संवाद' (सन्१९३९), 'तरुण तपसी' (सन्१९५३), 'लालित्य' (भाग १), 'लालित्य' (भाग २), 'मेरो राम' (सन् १९५४), 'गंगा-गौरी' (अपूर्ण महाकाव्य), तथा 'अभिज्ञान शाकुन्तल' अनुवाद (सन् १९५८), 'गीतासार', 'सप्तस्मृति', 'त्याग र उदयको प्रकाश', 'गीताञ्जलि' आदि। यसबाहेक थुप्रै फुटकर कविताहरू र 'भूतनाथ' (काव्य),

---

[8] उत्तम कुँवर, सन् १९६६, स्रष्टा र साहित्य, रूपायन प्रकाशन, काठमाडौँ, पृ ३९

[9] घनश्याम नेपाल, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, पूर्ववत्, पृ १७४

'भवितव्य', 'राधाकष्णकेली' (हिन्दीनाटक) 'दिगम्बरविवाह, पार्वतीपरिणय' (नाटक) पनि लेखनाथ पौड्यालका उल्लेखनीय कृति हुन्।

### ३.१.१ 'ऋतुविचार' खण्डकाव्य

उत्तम कुँवरले लिएका अन्तर्वार्तामा लेखनाथ पौड्यालले भनेका छन् "बनारसमा मध्यमा दिएर आएपछि एक दिन भोट हिटीमा रहेको टिडिएच एन्डको अद्भुत कार्यालय भन्ने पुस्तक पसलमा पुगेँ। त्यहाँ मभन्दा पाका उमेरका विद्वान्हरूको नेपालीमा फारसी र संस्कृतका जस्ता उच्च ग्रन्थहरू निस्कनै सक्तैनन् भनेर ठुलो बहस चलेको रहेछ र पछि यही कुरा ठिक हो भन्ने सबैको मत निस्क्यो तर मैले भने यस मान्यताको विरोध गरेँ।" उनी अझै भन्छन् "बहुमत भएपछि त असत्य र आधारहीन कुरा पनि सत्य हुन जाँदो रहेछ तर पछि मैले उनीहरूलाई नै जवाब दिन भनेर त्यसको भोलिपल्टदेखि नै नेपाली भाषालाई साहित्यको रूप दिन्छु भन्ने अठोट लिई लेख्न थालेँ र फल निस्क्यो- 'वर्षा विचार'।"[10]

सन् १९०९ को 'माधवी' पत्रिकामा ४८ पद्यको 'वर्षाविचार' लघुकाव्यका रूपमा प्रकाशित भएको देखिन्छ। यसलाई त्रिपाठीले 'ऋतुविचार'-को प्रारूप भनेका छन्। यसको ठिक सात वर्षपछि सन् १९१६ मा 'ऋतुविचार' काव्य खगेन्द्रराज पण्डितको प्रकाशनमा 'बुद्धिविनोद' काव्यको 'निर्णयसागर प्रेस बम्बई'-बाट प्रकाशित भएको देखिन्छ साथै उन्नाइस वर्षपछि सन् १९३५ मा परिष्कृत रूपमा 'ऋतुविचार'-को दोस्रो संस्करण प्रकाशित भएको देखिन्छ। यसपछि लेखनाथका कविता यात्रामा कवित्व र चैतन्य दुवैको अन्तर्विकास र परिष्कारको प्रक्रिया अझ तीव्र हुन लागेको पाइन्छ भन्ने वासुदेव त्रिपाठी मान्छन्।[11] कतिपय अध्येताहरू लेखनाथले 'ऋतुविचार' संस्कृतका आचार्यहरूको अनुकरणमा लेखेका हुन् भन्ने विचार राखेका छन्। कालिदासको 'ऋतुसंहार', भारविको 'ऋतुवर्णन' (किरातार्जुनीयम्, सर्ग १०), माघको 'ऋतुवर्णन' (शिशुपालवध, सर्ग ६) आदिबाट लेखनाथले प्रेरणा लिए साथै भारविले आफ्नो ऋतुवर्णन वर्षाबाट सुरु गरेको अनुकरण गर्दै लेखनाथले 'वर्षाविचार' लेखे तर लेखनाथले 'ऋतुविचार' 'वसन्तविचार'-बाट सुरु गरेर कवि माघको अनुकरण गरे यद्यपि लेखनाथको सम्पूर्ण 'ऋतुविचार' भने कालिदासको 'ऋतुसंहार'-कै शैलीमा लेखिएको छ भन्ने अध्येताहरू

[10] उत्तम कुँवर, सन् १९६६, स्रष्टा र साहित्य, पूर्ववत्, पृ ३८

[11] वासुदेव त्रिपाठी, सन् २००६, लेखनाथका प्रमुख कविता (दोस्रो संस्करण), साझा प्रकाशन, नेपाल, पृ क

मान्छन्।[12]लेखनाथमा कालिदास बन्ने होड थियो भन्ने पनि अध्येताहरूको विचार देखिन्छ[13] तर उपर्युक्त अन्तर्वार्ताअनुसार पौड्यालले नेपाली भाषामा पनि उत्कृष्ट काव्य लेख्न सकिन्छ भन्ने देखाउनका लागि नै 'ऋतुविचार'-को सिर्जना गरेका हुन् भन्ने बुझिन्छ। उनी कालिदास बन्ने प्रतिस्पर्धामा थिएनन्।

वासुदेव त्रिपाठी भन्छन्, "संस्कृत प्रकृति-कविताको बृहद् परम्परामा हुर्किए पनि दुवै 'ऋतुविचार'-मा कवि लेखनाथको आफ्नोपन अत्यन्त टड्कारो रहेको छ। रूपरेखा कालिदासको 'ऋतु संहार'-कै जस्तो रहे पनि लेखनाथको प्रकृति-दृष्टिका साथै काव्य-चैतन्य दुवै 'ऋतुविचार'-मा सर्वातिशायी देखिन्छ।"[14] यहाँ दुवै 'ऋतुविचार' भन्नाले पहिलो अनि दोस्रो 'ऋतुविचार'-को चर्चा गरिएको हो। काव्य वा कविता कहिले पनि एउटा स्वतन्त्र पृष्ठभूमिमा उभिएर रहन सक्तैन, यो कुनै इतिहास, आद्यप्रकार वा कुनै सन्दर्भमा उभिएको हुन्छ। यी आधारहरूमा उभिए तापनि काव्यलाई मौलिकता प्रदान गर्ने शक्ति कविमा हुनुपर्छ। 'ऋतुविचार'- को मूल दर्शन लेखनाथको अध्ययन र अनुभवको प्राप्ति हो। त्यसैले यो उनको मौलिक काव्य मानिन्छ। अनुष्टूप छन्दमा लेखिएको 'ऋतुविचार' खण्डकाव्य प्रकृति र दर्शनको समन्वयमा प्रस्तुत परिवेश काव्य हो।

रमेश श्रेष्ठले 'ऋतुविचार'-लाई प्रकृति वर्णन, आध्यात्मिक रहस्यवाद र शिल्पको एउटा महत्त्वपूर्ण प्राप्तिका रूपमा मानेका छन्।[15] उनले 'ऋतुविचार' मूलतः शृङ्गारकालकै उत्पादन हो र कृष्णप्रसादहरूको बाह्रमासा नै यसका पुर्खा हो भन्ने पनि बताएका छन्।[16]

घनश्याम नेपालले 'सूक्तिसिन्धु' (सन् १९१७) को प्रकाशन र त्यसमाथि प्रतिबन्ध लाग्दासम्म शृङ्गार लेखन नै प्रमुख काव्यधारा रहिरहेकोले लेखनाथको 'ऋतुविचार' (सन् १९१६) देखि निश्चित रूपमा शृङ्गारधाराको समाप्ति र नीतिवादी लेखनको युग सुरु भएको बताएका छन्।[17]त्यसैले 'ऋतुविचार' नेपाली साहित्यको युगपरिवर्तनकारी काव्यका रूपमा देखा पर्छ। यस काव्यको रचना शृङ्गारकालको अन्त र नीतिकाल वा आधुनिककालको आरम्भमा भएको भए पनि यसमा समकालीन प्रवृत्ति र ज्ञानका सङ्केतहरू पाइन्छन्। तत्कालीन साहित्य अनि समाजमा 'ऋतुविचार'-को जुन महत्त्व थियो त्यसभन्दा व्यापक महत्त्व आजको पारिस्थितिकीय सङ्कटको युगमा छ। यस काव्यमा निहित अध्यात्मदर्शन, धर्म-

[12] वासुदेव त्रिपाठी, सन् १९७७, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पूर्ववत्, पृ ५७
[13] कृष्ण गौतम, सन् २००७, उत्तरआधुनिक जिज्ञासा, भृकुटि एकेडेमिक पब्लिकेसन, नेपाल, पृ २२७
[14] वासुदेव त्रिपाठी, सन् १९७७, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पूर्ववत्, पृ १४७
[15] रमेश श्रेष्ठ, सन् १९७८, नेपाली कविताको प्रवृत्ति, साझा प्रकाशन, काठमाडौँ, पृ १०३
[16] रेमश श्रेष्ठ, पूर्ववत्, पृ१०३
[17] घनश्याम नेपाल, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, पूर्ववत्, पृ १७३

विज्ञान अनि परिवेशपरक दृष्टिकोणले यसको महत्त्वलाई व्यापक बनाएको देखिन्छ। उनको यस काव्यलाई लक्ष्मीकान्त पन्थीले समछन्द-समश्लोक संस्कृतमा अनुवाद गरेका छन्।

'ऋतुविचार'-लाई प्रकृति काव्य भन्ने पहिलो व्यक्ति वासुदेव त्रिपाठी नै हुन् तर उनले प्रकृति काव्य भनेर परिवेश काव्यतिर सङ्केत भने गरेका होइनन्। उनी लेख्छन् "नेपाली प्रकृतिले कविमा पारेको दीर्घ-दीर्घ प्रभावबाट भित्रभित्रै उम्रिएको स्पन्द नै 'ऋतुविचार'-को बीज हो।"[18] परिवेश काव्य भन्नाले प्रकृतिको प्रभावबाट, त्यसको गुण र सौन्दर्य आदिबाट प्रभावित भई सिर्जना गरिएको काव्य मात्र बुझिँदैन। भौतिक प्रकृतिको सौन्दर्य, गुण सँगसँगै प्रकृति र मानव समाजको सम्बन्ध, प्रकृतिको महत्त्व र यसमा भइरहेको शोषण, प्रकृति विनाश, पारिस्थितिकीय सङ्कट आदिलाई साहित्यमा लेख्नु नै परिवेश काव्य हो भन्ने अध्येताहरू मान्छन्।

लेखनाथको 'ऋतुविचार'-भन्दा अघिका बाह्रमासाहरूमा ऋतु सँगसँगै बाह्र महिनाको वर्णन पनि हुन्थ्यो। त्यसैले बाह्रमासालाई शुद्ध ऋतु कविता नै भन्न सकिँदैन। यसमा छवटा ऋतुहरूको वर्णन भए तापनि बाह्र महिनालाई समेटेर लेखिएको हुन्छ। त्यसैले नेपाली साहित्यमा लेखनाथ पौड्यालको 'ऋतुविचार' नै प्रथम पूर्ण ऋतु कविता मान्न सकिन्छ। लेखनाथ पौड्यालले 'ऋतुविचार' लेख्ने प्रेरणा आफूभन्दा अघाडिका कविहरूबाट लिएका थिएनन् भन्न सकिँदैन। इलियटको भनाइअनुसार कुनै पनि कला क्षेत्रका कवि वा कलाकारलाई एक्लो पढ्न सकिँदैन। उसको महत्त्व र ज्ञान सदैव आफूभन्दा अग्रज वा मृत कवि-कलाकारहरूका ज्ञानसँग सम्बद्ध हुन्छ। पाठकले एकजना कवि-कलाकारलाई केवल उसको ज्ञानका परिधिले मात्र बुझ्न सक्तैन। उसले मृत कवि र कलाकारहरूका ज्ञान (परम्परा)-सँग तुलना गरेर मात्र एकजना कवि र कलाकारलाई बुझ्न सक्छ।

'ऋतुविचार'-मा कविले प्रकृतिसँग संवाद गरेका छन्। प्रकृतिको वाह्य र आन्तरिक दुवै रूपको दर्शन गर्छन्। उनी लेख्छन्-

पृथिवी छन् सुगा-रङ्गी पिपिराहरूले गरी।
हरियो रेशमी सारी लायेकी प्रमदा सरी॥

(वसन्त विचार/२५)

[18] वासुदेव त्रिपाठी, सन् १९७७, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पूर्ववत्, पृ ५४

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ।
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ।।

(वसन्त विचार/२८)

'ऋतुविचार' काव्यमा प्रकृतिलाई हेर्ने दृष्टिकोण भौतिक दृष्टिकोण होइन साथै यो पूर्णतः आध्यात्मिक पनि होइन। यसमा मिश्र दृष्टिकोण पाइन्छ। यसमा भौतिक र आध्यात्मिक चेत देखिन्छ। त्यसैले कवि 'हरियो रेशमी सारी' लगाएकी सुन्दरीसँग प्रकृतिको तुलना गर्छन् भने अर्कातिर त्यो सौन्दर्य प्रदान गर्ने अन्तस्करणमा निहित ज्योति (चेतना)-को सङ्केत पनि गर्छन्।

"ऋग्वेदमा वर्षा र शरद् ऋतुको सजीव चित्रण पाइन्छ। यजुर्वेदमा पनि छ ऋतुहरूको उल्लेख भएको छ जहाँ सबैभन्दा पहिले वसन्तको चर्चा भएको छ।"[19] लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा वसन्तबाट काव्यको आरम्भ गर्ने आधार यसलाई मान्न सकिन्छ। त्यसका साथै लेखनाथ पौड्यालले वसन्तलाई ऋतुहरूका राजा स्वीकार गरी काव्यको आरम्भ गरेका छन्।

हिमालमा गयो जाडो साSSनन्द देखियो।
उदायो रसिलो राम्रो ऋतु-राज वसन्त यो।।

(वसन्तविचार/१)

लेखनाथ पौड्याल संस्कृतका अध्येता थिए र उनलाई शास्त्रको ज्ञान थियो। जन्म र संस्कारले ब्राह्मण भएका हुनाले उनमा आध्यात्मिक चेतना हुनु स्वाभाविक हो। उनका काव्यहरूको अध्ययनबाट उनलाई वेदान्तको पनि ज्ञान भएको बुझिन्छ। मूलतः 'तरुण तपसी' काव्यमा यसको उदाहरण पाइन्छ। 'ऋतुविचार'-मा पनि भौतिक प्रकृति र सूक्ष्म प्रकृतिको चर्चा छ। नीति काव्यजस्तो लाग्ने यस काव्यको भावाभिव्यञ्जना अभिधात्मक लागे तापनि यसको सन्देश अहिलेको विचारधारासँग सान्दर्भिक छ। लेखनाथ पौड्यालले प्रकृतिलाई सजीव रूपमा व्यक्त गर्दै यसको क्रियाशीलताको वर्णन गरेका छन्। यसका साथै व्यवहारिक वा लौकिक जीवनका विविध पक्षप्रति कटाक्ष वा व्यङ्ग्य प्रहार पनि गरेका छन्।

लेखनाथ पौड्यालले यस काव्यमा समाज, धर्म, राजनीति आदिप्रति व्यङ्ग्य गर्दै प्रकृतिको स्थूल र सूक्ष्म रूपको चर्चा गरेका छन् साथै प्रकृतिको रहस्यबारे धेरै कुराहरू बताएका छन्। उनले यस काव्यमा प्रकृतिको उपयोगित, महत्त्व, अपरिहार्यताबारे गहिरो विचार प्रस्तुत गर्दै प्रकृतिको प्रकार्यगत शक्तिको

---

[19] टिकाराम अधिकारी, सन् १९८३, महाकवि कालिदास, साझा प्रकाशन, काठमाडौँ, पृ ५३

परिचय दिएर केवल स्थूल वस्तुमात्र प्रकृति होइन, सूक्ष्म संरचनामा पनि प्रकृति निहित छ भन्ने ज्ञान दिन खोजेका छन्। उनी लेख्छन्-

पृथ्वीको दिव्य सौन्दर्य नअटायेर पट्ट भै
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै।।
यस्तै सुवासना पूर्ण पुष्पको तुल्य जीवनी
सृष्टि-सौन्दर्यको निंती चाहन्छन् देवता पनी।।

(वसन्त विचार ३२/३३)

लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा मात्र नभएर अन्य कविता सङ्ग्रहमा पनि ऋतु वा प्रकृतिका कविताहरू लेखेका छन्। 'लालित्य भाग-१'-मा 'वसन्त कोकिल', 'वसन्त', 'तरुण तपसी' आदि। उनको 'तरुण तपसी' प्रकृतिसँगको संवादको कविता हो। राजनाथ शर्माले आफ्नो पुस्तकमा रामचन्द्र शुक्लको कवि कर्मबारे दिएको विचार यसरी उल्लेख गरेका छन् "वाह्य प्रकृतिसँगै मानिसको अन्तः प्रकृतिसँग सामञ्जस्य स्थापित गर्नु कविको कर्म हो।"[20] लेखनाथको कवि कर्म यस कथनसँग मिल्दो देखिन्छ।

'ऋतुविचार' लेखेर प्रकृति कवि बन्ने लेखनाथ 'तरुण तपसी'-सम्म आइपुग्दा महर्षि कवि बनेका छन्, यद्यपि उनको अन्तस्करणमा प्रकृति प्रेम र चिन्तन भने चेतना बनेर रहेको देखिन्छ। प्रकृतिको दिव्यता र जननीका रूपमा यसको वर्णन गरेका छन्। 'सत्यं ब्रूयात् प्रियं ब्रुयात्, न ब्रूयात् सत्यम् अप्रियम्। प्रियं च नानृतम् ब्रूयात्, एष धर्मः सनातना' अथवा "सत्य बोल, मिठो बोल, सत्य पनि नमिठो नबोल। प्रिय असत्य बोल्नु हुँदैन। यही नै सनातन धर्म हो"- भन्ने आप्त वचनको अनुसरण गर्दै लेखनाथले 'वसन्त विचार'-मा सत्य र तथ्यका विषयहरू रसिला ढङ्गमा प्रस्तुत गरेका छन्। उनले ऋतुको माध्यमद्वारा जीवन जगत्का विविध क्रिया र प्रक्रियाहरूमाथि प्रतिक्रिया गरेका छन्। उनले भौतिक सत्य र पराभौतिक सत्यलाई ऋतुको माध्यमद्वारा व्यक्त गरेका छन्। लोभी, स्वार्थी, अनैतिक विचारधाराको विरोध गर्दै उनी यसरी लेख्छन्-

काव्यका रसमा लोभी कविझैँ लट्ठ भैकन
प्रत्येक पुष्पमा थाले भुमराहरू झुम्मिन।

---

[20] राजनाथ शर्मा, सन् १९८२, आचार्य रामचन्द्र शुक्ल और चिन्तामणी, विनोद पुस्तक मन्दिर, दिल्ली, पृ २०५

(वसन्त विचार/४३)

गुणीका गुणझैँ सारा रस धारा चुसीकन

भूँ भूँ गरी उडी दिन्छ स्वार्थी भ्रमरको गुण।।

(वसन्त विचार/४५)

रस वेतनका लोभी यद्वा भ्रमर शिक्षक

आफनू जीविका गर्छन् पढाई पुष्प बालक।।

(वसन्त विचार/४६)

मानिस प्राकृतिक गुणको प्रमात्राद्वारा निर्मित विषय हो। सत, रज र तम गुणको प्रमात्राअनुरूप नै उसको स्वभाव निर्मित हुन्छ। त्यही स्वभाव उसको अहंमा परिणत हुन्छ र ऊ आफैलाई प्रकृतिभन्दा माथि ठान्दछ। गीताको तेस्रो अध्यायको सताईसौँ श्लोकमा भनिएको छ-

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः।

अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते।।[21]

यस श्लोकको अर्थ यसरी गरिएको छ, ‘वास्तवमा सम्पूर्ण कर्म प्रकृतिको गुणद्वारा गरिन्छ जसको अन्तःकरण अहङ्कारद्वारा मोहित हुन्छ यस्तो अज्ञानी ‘म कर्ता हूँ’ भन्ने मान्दछ।’ आजका मानिसमा तीन गुणमध्ये तम गुणको प्रमात्रा बढी रहेको कवि देख्छन्। फलस्वरूप मानिस स्वकेन्द्रित वा नृकेन्द्रित हुँदै गइरहेको छ। मानिसले प्रकृतिको मूल्यसँगै मानवीय मूल्य पनि बिर्सिसकेका छन् ; साहित्यकारहरू आफ्ना नाम चर्चामा ल्याउन गुणीहरू आफ्नो स्वार्थ पुरा गर्न र शिक्षकहरू वेतनका भोगी बनेका कारणले समाज वास्तिवक शिक्षा र ज्ञानदेखि वञ्छित भएको लेखनाथले देखाएका छन्। समाजको यस्तो अवस्था देखेर उनी चिन्तित छन्। वास्तविक कवि वा गुणी व्यक्तिले नयाँ सकारात्मक विचार धाराको विकास गर्नुपर्छ भन्ने उनी मान्छन्-

हावाको चालमा सारा पराग गगनै भरी

फैलिंदोछ कवि-द्वारा वीरको वीरता सरी।।

(वसन्त विचार/५३)

[21] श्रीमद्भगतव गीता, सन् २०१५, गीता प्रेस, गोरखपूर, पृ ३०

तर आफ्नो स्वाभिमान र कविताको शक्ति बुझ्नको साटो लोभ र अहङ्कारको दोधारमा कवि वा गुणी व्यक्ति फसेका छन्। कविको शक्तिले आकाश वा विश्वमा नयाँ प्रकाश र उर्जा दिनुपर्ने हो, नयाँ सिर्जना र नयाँ मूल्यको स्थापना गर्नु पर्ने हो तर आजका गुणी व्यक्तिहरूले फैलाएको पराग पराग नै हुन् भन्नेमा सन्देह छ। लेखनाथ लेख्छन्-

परागै हो कि? त्यो माथी तुँवालोको स्वरूपमा

घाम केही फिका पारी चढेको अन्तरीक्षमा।।

(वसन्त विचार/ ५४)

गुणी व्यक्ति, कवि, अध्येताहरूले समाज सुधार, प्रकृति सुरक्षाजस्ता महत्त्वपूर्ण कार्यलाई अघि बढाउन नसकेको हुँदा आज विश्वमा नकारात्मक ज्ञानको प्रचार भइरहेको छ। परागले नयाँ जीवन बोकेको हुन्छ। त्यसमा सिर्जना गर्न सक्ने शक्ति रहेको हुन्छ तर त्यसो नभएर केवल तुँवालोका रूपमा चारैतिर फैलिएको छ अनि त्यसले घाम अथवा शाश्वत ज्ञानलाई छलेर चराचर जगत्मा नै अन्धकार बनाएकोमा कवि चिन्तित छन्। यद्यपि त्यो तुँवालो केही समयकै लागि मात्र रहनेमा कवि आश्वस्त छन्। आशावादी बनेर नयाँ विश्वास कवि यसरी व्यक्त गर्छन्-

तुँवालाबाट निस्केको सूर्यको कान्ति माधुरी

झल्कन्छ वनमा मानु सुनको तपकै सरी।।

(वसन्त विचार/५५)

लेखनाथ पौड्याल प्रकृति र जीवनको सामञ्जस्य देखाउन चाहन्छन्। प्रकृतिलाई उनी जीवनको प्रेरणा मान्छन्। उनी जति दार्शनिक र तत्त्व ज्ञाता थिए उति नै प्रकृति चिन्तक थिए। उनका प्रायः काव्य कृतिमा प्रकृति केन्द्रमा रहेको देखिन्छ। लेखनाथ पौड्यालले भौतिक र आध्यात्मिक दुवै विषयलाई प्रकृतिको केन्द्रमा राखेर अध्ययन गरेका छन्। उनले आफ्ना जीवनका अनुभव र अनुभूतिहरू प्रकृतिद्वारा नै प्राप्त गरेका हुन् भन्ने सङ्केत यस काव्यमा गरेका छन्। ती अभिव्यक्तिमा चेतन तत्त्वको विशेष महत्त्व रहेको देखिन्छ। उनी आफ्नो कृति 'तरुण तपसी'-मा लेख्छन्-

किरामा, पक्षीमा, नर, पशु, लता, वृक्षतकमा

अहो! एकैनासे परम चितिको दिव्य चकमा

फुरेको देख्दैछौ तदापि किन गर्छौ धरमर?

विवेक ज्योत्स्नाले सकल धरणी शीतल गर।

(तरुण तपसी २/१०)

लेखनाथले प्रकृति र समाजबिचको सम्बन्धलाई सचेत ढङ्गमा प्रस्तुत गरेका छन्, यद्यपि उनी ‘वसन्त विचार’-भरि प्रकृतिको वर्णन गर्नमा व्यस्त छन्। उनले वसन्तलाई मूलतः सुन्दर स्त्रीसँग तुलना गरेका छन्। कविता मानिसको मन र मस्तिष्क साथै प्रकृतिसँग जति नजिक रहन्छ उति नै शाश्वत बन्दछ। हिन्दीका कवि विश्वनाथ प्रसाद तिवारी भन्छन् “लेखकको उमेरसँगै उसका भाव र विचारहरूमा परिपक्वता आउँदछ। यदि कोही असाधारण प्रतिभा छ भने उनको कवितामा विस्फोट सम्भव छ।”[22] ‘ऋतुविचार’-मा अभिव्यक्त भएको प्रकृति चिन्तन ‘तरुण तपसी’-मा आइपुग्दा निसन्देह परिपक्व देखिन्छ। प्रकृति र जीवनको संवादले ‘तरुण तपसी’ सुन्दर काव्य बनेको छ। ‘ऋतुविचार’-मा नै पनि प्रकृतिप्रतिको गहिरो चिन्तन देखिन्छ।

लेखनाथका कृतिमा वेदान्त दर्शनको प्रभाव रहेको चर्चा पाइन्छ। यसको अनुसन्धान गर्दा ‘ऋतुविचार’ र उनका प्रायः सबै कृतिहरूको अध्ययन गर्नु पर्ने हुन्छ। मूलतः उनको ‘तरुण तपसी’ (सन्२००१) अध्यात्म दर्शनबाट प्रभावित काव्य हो। यस काव्यमा वेदान्त दर्शनका तथ्यहरूलाई देखाउन खोजिएको छ। यो काव्य नै दर्शन बनेर प्रस्तुत भएको छ। कान्ता विरही कविलाई तपसीको सन्देश वेदान्तकै प्रभाव हो। लेखनाथ लेख्छन्-

न प्यारो चौतारी, न शरण लिने त्यो रूख खडा
न त्यो कालो मैलो जलद, रजनी त्यो न त कडा
न त्यो प्यारो कापी, कलम, कविताको भुटभुटी
कुनै फेला पारे अगम उनले शान्ति-ढुकुटी॥

(तरुण तपसी १/१५)

लेखनाथको ‘तरुण तपसी’-मा पनि वेदान्तको प्रभाव देखिन्छ। वेदान्त दर्शनको प्रथम श्लोक “अथातो ब्रह्मजिज्ञासा”-को अर्थ यसरी दिइएको छ- ‘मानिसले शरीर धारण गरेपछि सांसारिक भोगहरूको कामना गर्दछ। ती भोग र कर्महरू गरिसकेपछि, जब मोह-ममता छुट्दछ, तब भोग र कर्मको फल नाशवान रहेछन्

[22] विश्वनाथ प्रसाद तिवारी, सन् २०१७, कवि कथन, सम्पा. विश्वनाथ प्रसाद तिवारी, समकालीन भारतीय साहित्य, वर्ष ३७, अङ्क १८९, नयाँ दिल्ली, पृ ३४

भन्ने बोध हुन्छ। त्यसपछि ऊ ब्रह्मलाई जान्ने इच्छा गर्दछ'।[23] यही दर्शनको प्रभाव लेखनाथको 'तरुण तपसी'-मा पनि पाइन्छ। कान्ता विरहमा व्याकुल कविमा पनि तपसीको उपदेशले माया भङ्ग भएको प्रसङ्ग यसको उदाहरण हो। उनले 'तरुण तपसी'-मा तपसीको माध्यमद्वारा ब्रह्म ज्ञानको उपदेश दिन खोजेका छन् भने 'ऋतुविचार'-मा ऋतुको माध्यमबाट उही ज्ञान दिन खोजेका छन्। उनी लेख्छन्-

न स्थान, मान चाहन्छ जाति, पाँति न गन्दछ
जल वर्षाउँदा मेघ मानू ब्रह्मज्ञ बन्दछ।।
पवित्र परमात्माको भक्तिमा सत्य भक्त झैँ
शीतलो जलधारामा भिजेको छ प्रजा सधैँ।

(वर्षा विचार /३४-३५)

व्यक्ति जब सांसारिक मोह र मायाबाट मुक्त हुन्छ तब उसलाई ब्रह्म चेतनाको ज्ञान हुँदछ। काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य वा अहंकारमा लिप्त भएर मानिसले आफ्नो नैतिक धर्म र प्रकृति धर्म बिर्सेको छ। त्यसैले यस सन्देशमा मेघझैँ निस्वार्थ कर्म गर्ने, सेवा गर्ने उनको दर्शन पाइन्छ।

लेखनाथका कृतिहरूमा आत्म चिन्तनको प्रसङ्ग सँगसँगै जीवन र व्यवहारको चर्चा पनि पाइन्छ। भौतिक प्रकृति र व्यावहारिक जीवन पनि महत्त्वपूर्ण हो भन्ने उनको विचार देखिन्छ। 'तरुण तपसी'-को कान्ता विरही कवि पनि कवि मनकै संवेदना थियो। 'ऋतुविचार'-मा पनि व्यावहारिक विषयहरू शृङ्गारिक ढङ्गमा राखिएका छन्। नेपाली साहित्यको माध्यमिक कालतिर शृङ्गारिक कविता लेखिसकेका लेखनाथ पौड्यालले आफ्नो शृङ्गारिक भाव पूर्ण रूपले छोड्न नसकेको प्रतीत हुन्छ। उनी लेख्छन्-


प्रत्येक वृक्षमा निस्क्यो पुष्प-पल्लव-माधुरी
संसारी जीवको रागी वासना झैँ थरीथरी।।

(वसन्त विचार/५७)

लेखनाथ पौड्याल व्यवहार र अध्यात्म दुवै विषयको महत्त्व बुझेर कविता सिर्जना गर्ने कवि थिए। उनका कृतिमा यी दुवै तथ्यको सन्तुलन देखिन्छ। जसरी शरीरलाई आत्मा र आत्मालाई शरीरको आवश्यकता पर्छ उसरी नै व्यवहारलाई अध्यात्म र अध्यात्मलाई व्यवहारको आवश्यकता पर्छ भन्ने उनको दर्शन

[23] राम शर्मा आचार्य (अनु), सन् २०००, वेदान्त दर्शन, महर्षि कपिल, संस्कृति संस्थान बरेली, भारत, पृ ३३

देखिन्छ। लेखनाथ पौड्यालले व्यावहारिक र आध्यात्मिक दुवै पक्षका तथ्यहरूको अभिव्यक्ति दिए तापनि उनको कवितात्मक अनुभूति प्रकृतिको नजिक छ। त्यसैले विषयवस्तुको आधारमा उनको कवितात्मक संरचनालाई यसरी हेर्न सकिन्छ-




वृत्त चित्र ३

'ऋतुविचार' काव्यको केन्द्र प्रकृति हो भने त्यसबाट अभिव्यक्त भएको ज्ञान-दर्शन आध्यात्मिक छ। आध्यात्मिक ज्ञानको आवश्यकता व्यवहारमा पर्ने हुनाले यस काव्यमा व्यावहारिकतालाई पनि प्राथमिकता दिइएको पाइन्छ। ऋषि महर्षिहरूले वेदका ऋचा गाए झैँ चरा चुरुङ्गीहरूले प्रकृतिको सङ्गीत गाउँछन् भन्ने उनको विश्वास छ। उनी लेख्छन्-

अघीका वेद-विज्ञाता ऋषिको झैँ मनोहर
लाखौँ चराचुरुङ्गीको सुनिन्छ मधुर स्वर॥

(वसन्त विचार/७४)

वसन्त ऋतुमा चराचुरुङ्गीहरूको चिरविर वेद्का ऋचाहरूझैँ सुन्ने लेखनाथका अधिकांश कविताहरूमा प्रकृतिको संवाद सुन्न सकिन्छ। उनले प्रकृति र दर्शनको संयुक्त रूप निर्माण गर्न खोजेका छन्। यद्यपि कुनै ठाउँ उनी प्रकृतिलाई माया बताउँछन् भने कुनै ठाउँ सत्य बताउँछन्। तत्त्व ज्ञानप्रति सचेत नभएका पाठकहरू यसमा अन्योलमा पर्न सक्छन्। वास्तवमा लेखनाथले प्रकृतिको जाग्रत सत्य र माया सत्यका विषयहरूको चर्चा गरेका छन्।

उनी लेख्छन्-

संसार नाट्य-शाला छ-पर्दा-मध्य वास्तव
ज्यादा वसन्त-पर्दामा खुसी छ जगतै सब।

(वसन्त विचार/१००)

यस पद्यमा कविले प्रकृतिलाई मायाको रूपमा देखाएका छन्। प्रकृतिको माया रूपमा मानिसहरू मोहित छन्। यसको वास्तविक रूप अथवा प्रकृतिको जाग्रत सत्यदेखि अनभिज्ञ छन्। प्रकृति पोषण, सञ्चार र गतिशील शक्ति हो। यो ईश्वरीय शक्ति वा सत्ताको सङ्केत हो। त्यसैले कवि 'शरद्-विचार'-मा लेख्छन्-

योगीको मन झैँ पानी बाटो वेद-पथै सरी
शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरी।।

(शरद्-विचार/१००)

वेदान्तले प्रकृतिलाई भन्दा पुरुषलाई महत्त्व दिएको छ तर ब्रह्म स्वरूप प्रकृतिमा पनि निहित छ भन्ने तथ्य बताएको छ।[24] त्यसैले चेतन प्रकृति र जड चेतन प्रकृतिको पार्थक्य गरेर मात्रै वास्तविक प्रकृतिको बोध हुन सक्छ। लेखनाथले 'ऋतुविचार'-मा जड र चेतन दुवै प्रकृतिको सङ्केत गरेका छन्। उनको अभीष्ट प्रकृति र जीवनको सन्तुलन देखाउनु थियो।

### ३.२ 'ऋतुविचार' खण्डकाव्यमा परिवेश दर्शन

दर्शनशास्त्र र नीतिशास्त्र दुवैमा प्रकृति, पर्यावरण अथवा परिवेशको अनुशीलन देखिन्छ। दर्शनशास्त्रमा प्रकृति/परिवेशको अध्ययनलाई 'इकोसफी' अथवा 'परिवेश दर्शन' भनिन्छ। नीतिशास्त्रमा प्रकृतिको आध्यात्मिकताबारे इन-भाय्-रोन्-मेन्टल इथिक्स अर्थात् पर्यावरणीय नीतिशास्त्रका रूपमा अध्ययन गरिन्छ। नीतिशास्त्र पनि दर्शनशास्त्र जतिकै पुरानो हो त्यसैले दर्शनशास्त्रमा प्रकृतिप्रति मानवको दायित्व कस्तो हुनुपर्छ भन्ने विषयको आलोचनात्मक अध्ययन गरिन्छ भन्ने अध्येताहरू मान्छन्। प्रकृतिप्रतिको मानवीय दायित्वको अध्ययन गर्दा मूलतः अवधारणा, सिद्धान्त, मूलतत्त्व र विश्लेषण विधिको आवश्यकता पर्ने पनि उनीहरू मान्छन्।[25] नीतिशास्त्र र दर्शनशास्त्र दुवैको सम्बन्ध पुरानो भए तापनि यसमा

[24] राम शर्मा आचार्य, (अनु), सन् २०००, वेदान्त, महर्षि कपिल, पूर्ववत्, पृ ३५
[25] इ.अरूमुगम, सन् २००८, प्रिन्सिपलस अव् इन-भाय्-रोन्-मेन्टल इथिक्स, स्वरूप बुक्स पब्लिकेसन प्रा.लि, नयाँ दिल्ली, पृ २३

प्रकृतिबारे अध्ययन गरिने अथवा प्रकृतिको वैज्ञानिक अध्ययन गरिने दृष्टिकोण नयाँ हो। वास्तवमा प्रकृति सिङ्गो र एउटा छुट्टै वस्तु होइन, यो एउटा ऊर्जा हो अथवा ऊर्जात्मक अवधारणा हो, जसले स्वयम्लाई अन्यको रूपमा प्रकट गर्दछ। त्यसैले दर्शनशास्त्रमा प्रकृतिलाई एउटा व्यवस्थाको रूपमा अध्ययन गरिन्छ। पूर्वीय दर्शनमा प्रकृति, परिवेशको अध्ययन लाखौँ वर्ष पुरानो छ। वेद, पुराण, उपनिषद्, दर्शन आदि ग्रन्थहरूमा प्रकृतिको चर्चा र गुणानुवाद देखिन्छ। त्यहाँ प्रकृतिको संरक्षण र यसका सङ्केतहरू प्रशस्त छन्।

पूर्वीय दर्शनमा पञ्च तत्त्व र त्रिगुणको व्यापक महत्त्व देखिन्छ। आकाश, वायु, जल, अग्नि र पृथ्वीको सन्तुलनले भौतिक प्रकृति निर्मित छ भने मानवीय शरीर पनि यसैको रासायनिक मिश्रणले निर्मित छ। वेदले पञ्च तत्त्वको ठुलो गुनगान गरिएको छ। ऋग्वेदमा पहिलो मण्डलको पहिलो सूक्तदेखि नै अग्निको आह्वान गरिएको छ।

ॐ अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम्। होतार रत्नधातमम् ।।१।।[26]

धम्मपदको सहस्सवागो ८ अन्तर्गत प्रकृति ज्ञानद्वारा सदैव रमणीय हुन्छ भन्ने बताइएको छ। उक्त कुरो धम्मपदमा यसरी राखेर अर्थ गरिएको छ-

गामे वा यदि वारञ्जे निन्ने वा यदि वा थले।

यत्थ अरहन्तो विहरन्ति, तं भूमिंरामणय्यकं।।

अर्थात्, 'गाउँ होस् वा जङ्गल, धरती उच्च होस् वा समतल, जहाँ कही पनि यदि अरहंत (ज्ञान)- को विहार छ भने त्यो भूमि रमणीय हुन्छ।'[27] यहाँ ज्ञान भन्नाले प्राकृतिक ज्ञान बुझिन्छ। प्राकृतिक ज्ञान र यसको सठिक उपयोगिताले नै प्रकृति अनि मानव जीवनको सन्तुलन रहन्छ। यस सन्तुलनमा गडबड भए प्रकृतिसँगै मानव सभ्यताको पनि अन्त हुने अध्येताहरू बताउँछन्।

भारतीय दर्शनमा प्रकृति, पर्यावरणलाई भौतिक निर्जीव तत्त्व मात्र मानिएको छैन। यसलाई जीवित संसार वा व्यवस्थाको रूपमा मानिएको छ साथै मानिस बुद्धि विवेक सम्पन्न हुनाको कारणले प्रकृति र पर्यावरणको सुरक्षा उसको मूल कर्तव्य हुँदछ। कुरानमा पनि प्रकृतिप्रति न्यायिक दृष्टिकोण रहेको देखिन्छ। कुरानले प्रकृतिलाई कुरानकै सूक्ष्म ब्रह्माण्डको प्रतिरूप (अव्यक्त प्रकृति) मानेको छ। १८ औँ शताब्दीका सूफी विद्वान् अज़ीज़ अल नसफ़ीले प्रकृति र कुरानको तुलना गर्दै भनेका छन् प्रकृतिको

[26] तिलकप्रसाद लुइँटेल (अनुवादक), सन् २००६, ऋग्वेद (नेपाली अनुवाद), विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, पृ १

[27] धम्मपद, hptt://vimidarshan.wordpress.com, 25 August, 2014

प्रत्येक वर्ग कुरानको सुराह, प्रकृतिको प्रत्येक जाति कुरानको आयत र प्रकृतिको प्रत्येक प्राणी कुरानको एक-एक अक्षर समान हो।[28] प्रकृतिलाई अवलोकन गरिने आदिकालको वैश्विक दृष्टिकोणअन्तर्गत दुई विभिन्न तर एका-अर्कामा परस्पर सम्बद्ध धारणाहरू छन् मौखिक र शाब्दिक। मौखिक परम्परा अधिकतः व्यवहारमा आधारित हुन्छ भने शाब्दिक परम्परा विश्वको सम्पूर्ण व्यवस्थित विश्लेषणमा प्रस्तुत हुन्छ। भारतीय लोक परम्परामा मानिस भौतिक प्रकृतिका यस्ता तत्त्वहरूद्वारा बनेको छ जुन मृत्युपछि प्रकृतिमा नै विलीन हुन्छ भन्ने मान्यता वा विश्वास छ। सामन्यतः नौ प्रकारका तत्त्व मानिन्छन्, पृथ्वी, जल, अग्नि, वायु, आकाश, समय, दिशा, मस्तिष्क, अनि मृदा। पुराणअनुसार यी तत्त्वहरूको उत्पति क्रमिक रूपमा भएको मानिन्छ। पहिले जल, पृथ्वी र आकाश, त्यसपछि, समुद्री प्राणी, पशु-पक्षी, तेस्रोमा धरती, वायु र अन्तमा अग्निको उत्पति भएको हो। त्यसैले भारतीय चिन्तन-दर्शनले प्रकृति, पर्यावरण एउटा प्रतिपादित अस्तित्व हो र प्रकृति नै उत्कृष्ट छ भन्ने मान्छ।[29]

कपिल मुनिको साङ्ख्य दर्शनमा सृष्टि रचना अनि प्रकृति र पुरुषका भिन्न भिन्न व्याख्याहरू दिइएको पाइन्छ। प्रकृतिदेखि लिएर स्थूल, भूत र सम्पूर्ण तत्त्व आदिको गणना गरिएको हुनाले यसलाई साङ्ख्य दर्शन भनिएको हो भन्ने विद्वान्हरू मान्छन्। प्रकृति र पुरुषको गहिरो सम्बन्ध र उत्पतिको सूत्र साङ्ख्य दर्शनमा पाइन्छ।

सत्वरजस्तमसां साम्यावस्था प्रकृति : प्रकृतेर्महान

महतोSहंकारोSहाकारात् पंचतन्मात्राण्युभयमिनिन्द्रयं

तनमात्रेभ्य: स्थूल भूतानि पुरुष इति पंचविंशतिर्गण:।।[30]

यसको अर्थ यसरी गरिएको छ- ‘सत्व, रजस र तमसको साम्यावस्थालाई प्रकृति भनिन्छ यही साम्यावस्थाबाट तीन अहंकार, पाँच तन्मात्रा, दस इन्द्रिय, पञ्चतत्त्व र पुरुषको निर्माण हुँदछ। पुरुष पचीसौँ तत्त्व हो।’ प्रकृति र मानवको सम्बन्धबारे दर्शनशास्त्रले विभिन्न प्रकारले व्याख्या गरेको पाइन्छ। भौतिक प्रकृति र साङ्ख्य दर्शनमा वर्णित परा प्रकृतिको गहिरो भेद देखिन्छ।

लेखनाथ पौड्याल दर्शनका ज्ञाता थिए। त्यसैले उनका काव्यमा दर्शनको गहिरो छाप देखिन्छ। उनको ‘ऋतुविचार’ खण्डकाव्यमा पनि यसको प्रभाव देखिन्छ। वर्तमान युगमा प्रकृति र पारिस्थितिकीय

---

[28] एस.एच. नस्र, ऐन इन्ट्रोडक्सन टू इस्लामिक कास्मोलोजिकल डाक्ट्रीन, थेम्स एन्ड हडसन सन् १७९८/www.google.com, 28 september 2015

[29] भारतीय दर्शन, hptt://vimidarshan.wordpress.com, 28th March, 2015

[30] भारतीय दर्शन, hptt://vimidarshan.wordpress.com, 28th March, 2015

सङ्कट विश्वको सबैभन्दा ठुलो सङ्कट मानिन्छ। विश्वका व्यापारीहरू यस सङ्कटलाई केवल राजनीतिक चाल र जाल मान्दछन्। प्रकृतिको संरक्षण र पारिस्थितिकीको सन्तुलनलाई बनाइराख्नका लागि विभिन्न प्रविधि, नैतिक ज्ञान, दर्शन लागि परेका छन्। यसमा कला-साहित्यले पनि प्रकृतितर्फ हात बढाइरहेको देखिन्छ। वास्तवमा प्रकृति र साहित्यको सम्बन्ध आरम्भदेखि नै स्पष्ट देखिन्छ यद्यपि प्रकृति र साहित्यको कलागत, सौन्दर्यगत सम्बन्ध मात्र नभएर अहिले प्रकृतिको संरक्षण गरिनुपर्छ भन्ने चेतना साहित्यमा देखिन्छ।

साहित्यमा प्रकृतिको सौन्दर्यसँगै यसको सुरक्षा, संरक्षण र सन्तुलनको चर्चा तथा विमर्श गरिन्छ। त्यसैले भौतिक प्रकृति र साहित्यबिचको सम्बन्ध र अवकासको अध्ययन गर्ने कार्यलाई ‘परिवेश विमर्श’ भनिन्छ।[31]लेखनाथ पौड्यालको ‘ऋतुविचार’ खण्डकाव्यमा पनि प्रकृति संरक्षण र पारिस्थितिकी सन्तुनलका दार्शनिक र भौतिक समस्याका पक्षहरूको उल्लेख पाइन्छ। यस काव्यमा प्रकृतिअन्तर्गत ऋतुहरूको क्रमिक वर्णनसँगै दर्शनको सङ्केत र प्रकृति र मानवबिच हुनुपर्ने सामञ्जस्य विस्तृत चर्चा पाइन्छ। परिवेश विमर्शअन्तर्गत प्रकृति र दर्शनलाई अध्ययन गर्ने दृष्टिकोणलाई गहन पारिस्थितिकी अर्थात् डिप इकोलजी भनिन्छ। दर्शनशास्त्रअन्तर्गत पर्यावरणीय नीतिशस्त्रको चर्चा गरिन्छ जसको केन्द्रीय अवधारणा मानिसलाई पर्यावरणप्रति नैतिक जिम्मेवारीको बोध गराउनु भन्ने पाइन्छ। दर्शनशास्त्रको पर्यावरणीय नीतिशास्त्रअन्तर्गत प्रकृतिको अध्ययन गर्ने दृष्टिकोण नै गहन पारिस्थितिकी हो।

प्रकृतिमा आएको सङ्कट उपभोक्तावादी संस्कृतिको भयङ्कर परिणाम हो। यसले गर्दा सामाजिक, सांस्कृतिक, संवेदनात्मक, एवम् आध्यात्मिक विचलन उत्पन्न हुँदछ। कलाले मानिसको अचेतनमा प्रभाव पार्दछ अर्थात्, यसले मानिसको अचेतनलाई सक्रिय बनाउँदछ। त्यसैकारण काव्य, साहित्यको माध्यमद्वारा पनि प्रकृति संरक्षण हेतु प्रयत्न भइरहेको छ।

इकोफिलोसफी अथवा पारिस्थितिकी दर्शनको आरम्भ एवम् विकास सन् १९७० को दशकपछि भयो। यसका प्रमुख चार शाखाहरू छन् १. गहन पारिस्थितिकी २. सामाजिक पारिस्थितिकी ३. पारिस्थितिकीय मार्क्सवाद र ४. पारिस्थितिकीय नारीवाद। यी चार शाखाहरूका माध्यमबाट पारिस्थितिकी दर्शनले विकास गरिरहेको छ। यसमा अझै नयाँ विषय वा विचारहरू पनि जोडिन आएका

[31] चेरिल गटफेल्टी, सन् १९९६, दि इकोक्रिटिसिजम रिडर : लेन्डमार्कस इन लिटेरिरी इकोलजी, (सम्पा)-चेरिल गटफेल्टी एन्ड हार्लोड फोर्म, द युनिभर्सिटी अफ् जर्जिया प्रेस, लन्डन, पृ xix

छन् जसलाई हरित आध्यात्मिकता अथवा ग्रीन स्पिरिटुअलिटी भनिन्छ।[32] पारिस्थितिकी दर्शनको संकल्पनाको केन्द्रमा आध्यात्मिकता छ। आध्यात्मिकता भन्नाले धार्मिक आध्यात्मिकता नभएर धर्मनिरपेक्ष, प्रकृतिसँगको सद्भाव वा हरित आध्यात्मिकताको सङ्केत बुझिन्छ।

कविहरू प्रकृति प्रेमी हुन्छन्। प्रकृतिको गहिराइमा पुगेर चिन्तन गर्छन्। त्यसै गहिराइबाट उठेका विचार, भाव र अनुभूतिहरू कलात्मक रूपमा व्यक्त गर्छन्। लेखनाथ पौड्याल प्रकृतिको स्वरूपको वर्णन गर्छन्। उनले 'ऋतुविचार'-मा प्रकृतिको आन्तरिक अनि बाह्य दुवै स्वरूपको चर्चा गरेका छन् साथै यसको सामाजिक, आर्थिक, नैतिक र आध्यात्मिक चिन्तन गरेका छन्। उनको यस काव्यमा प्रकृति दर्शन पाइन्छ। उनी लेख्छन्-

दिव्य आनन्दको रङ्ग दिव्य-कान्ति-तरङ्ग छ
दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ।।
त्यो दिव्य रङ्ग पायेका लता-वृक्ष वनस्पति
देखिन्छन् योग्य नेताका रैतीझैँ उन्नताऽऽकृति।।

(वसन्त विचार/१३-१४)

नर्थ-इस्टन हिल युनिभर्सिटीका प्रोफेसर मैथ्यु जर्ज आफ्नो लेख 'इको-फिलोसफी, इन-भाय्-रोन्-मेन्टल एडुकेसन एन्ड कम्युनिकेसन टेक्नोलोजी' –मा समकालीन दर्शन र परिवेश दर्शनबारे लेख्छन्-

(क) समकालीन दर्शन भाषा केन्द्रित छ भने परिवेश दर्शन जीवन केन्द्रित छ।

(ख) परिवेश दर्शनले प्रकृतिको उत्थानको लागि मानवीय मूल्यको पुनः स्थापनाको तर्क गर्छ भने समकालीन दर्शनले वस्तु तथ्यको तर्क गर्छ।

(ग) परिवेश दर्शन सावयव छ भने समकालीन दर्शन जड देखिन्छ।

(घ) परिवेश दर्शन व्यापक र वैश्विक छ भने समकालीन दर्शन सङ्क्षिप्त छ।

(ङ) परिवेश दर्शन ज्ञानमा केन्द्रित छ भने समकालीन दर्शन सूचनाप्रद छ।

(च) परिवेश दर्शनले आध्यात्मिक, सामाजिक र नैतिक समानताको चर्चा गर्छ भने समकालीन दर्शन भौतिक अर्थनीतिमा केन्द्रित रहन्छ।

(छ) परिवेश दर्शन राजनीतिक सचेतता पनि स्वीकार गर्छ।

[32] के वनजा, सन् २०११, साहित्यका पारिस्थितिक दर्शन, वाणी प्रकाशन, नयाँ दिल्ली, पृ १३

(ज) परिवेश दर्शनले व्यक्तिगत जिम्मेवारीको आवाज उठाउँछ।

(झ) परिवेश दर्शन मानव स्वास्थ्यप्रति सचेत देखिन्छ। अतः प्रकृतिको सुरक्षा र स्वच्छताप्रति सचेत बन्दै प्रकृति र जीव दुवै एक समान संरचानामा निर्मित मान्छ।[33]

लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा प्रकृतिलाई सजीव देखाउन चाहेका छन्। उनी जीवन केन्द्रित रहेर प्रकृति र जीवनको सन्तुलन देखाउन चाहन्छन्। कवि लेख्छन्-

उनै दिन उज्याला छन् उज्याला छन् उनै निशा
उनै प्राणी उज्याला छन् उज्याला छन् उनै दिशा।।

(शरद् विचार/ १६)

नर-नारी, लता-वृक्ष, पशु-पक्षी तमामको
ढाँचाले स्पष्ट देखायो आनन्दी राज्य रामको।।

(शरद् विचार/२०)

शरद् ऋतु सन्तुलित ऋतु हो। यस ऋतुमा, गर्मी, सर्दी, वर्षा, हुस्सु, धुलो केही हुँदैन, सबै समान र स्थिर रहन्छन्। त्यसैकारण कवि प्रकृतिको यस सन्तुलित अवस्थामा जीवन पनि सन्तुलित छ भन्ने देखाउँछन् जबसम्म मानिसले पारिस्थितिकीय व्यवहारलाई स्वीकार गर्दैन तबसम्म उसले आफ्नो जीवनलाई सन्तुलित बनाउन सक्तैन। त्यसैले प्रकृति विनाश पनि एउटा अपराध हो।

मानवीय जीवनलाई मात्र नभएर प्रकृति वा पारस्थितिकीय व्यवहारलाई पनि नैतिक दृष्टिले हेर्नु आवश्यक छ। मानिसको पारस्परिक सम्बन्ध नैतिक आधारमा निर्मित भएको हुन्छ भने प्रकृति र मानवको सम्बन्ध आध्यात्मिकताले निर्मित भएको हुन्छ। प्रकृति र जीवको सम्पर्क वा सम्बन्ध व्यावहारिकभन्दा बढी आध्यात्मिक छ। यी दुवै एका-अर्काका परिपूरक हुन् यद्यपि जीवन प्रकृतिमा धेर निर्भर छ। मानिसको शारीरिक र मानसिक संरचनामा प्रकृतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसैले व्यक्तिको मूल प्रवृत्तिलाई पनि प्रकृति भनिन्छ। प्रकृतिको परिवर्तनसँगै जीवन पनि परिवर्तन हुँदछ। कवि लेख्छन्-

जराले जीवको दिव्य यौवन-ज्योतिझैँ सब
दबायो शीत-धाराले शरद्को पुष्प गौरव।।

(हेमन्त विचार/५०)

[33] Jstor.org 12/02/2017

जीवन कर्मको रूपक हो। कर्म प्रकृतिको धर्म हो। त्यसैले प्रकृति र जीवनको सम्पर्क सूत्र कर्म हो। श्रीमद्‌भगवद्‌ गीताको तेस्रो अध्यायको तेत्तीसौँ श्लोकमा प्रकृति र जीवन कर्ममा निर्धारित छन्‌ भन्ने तथ्य देखाइएको छ।

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि

प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति॥[34]

यस श्लोकको अर्थ यसरी दिइएको छ- 'सम्पूर्ण प्राणीमा प्रकृति निहित हुँदछ। उनीहरू आआफ्नो प्रकृतिअनुरूप कर्म गर्दछन्‌। ज्ञानी पनि प्रकृतिअनुरूप चेष्टा गर्दछन्‌। त्यसैले यसमा कुनै प्रकारको हठ आवश्यक हुँदैन। मानिसलाई आफ्नो जीवन आफैले भोग गरिरहेको अनुभव हुन्छ अथवा जीवनका नित्य कर्म आफै भइरहेको लाग्दछ। वास्तवमा ती कर्म प्रकृतिद्वारा सञ्चालित भइरहेका हुन्छन्‌।'

प्रकृति ——————→ कर्म ——————→ जीवन

रेखा चित्र ४

प्रकृति र जीवनबिच कर्मले सम्बन्ध स्थापित गरेको हुन्छ भने त्यो कर्म नैतिकता र आध्यात्मिकतामा आधारित हुन्छ। यहाँ आध्यात्मिकताको तात्पर्य धार्मिक आध्यात्मिकता नभएर हरित आध्यात्मिकता अथवा प्रकृतिसँग नैतिक संवाद भन्ने बुझिन्छ यद्यपि धार्मिक सहिष्णुताका केही घटक यसमा रहेका हुन्छन्‌। प्रकृति पनि आफ्नो नित्य कर्ममा लागिरहन्छ भने उसको त्यही कर्मको अनुकरणबाट मानिसले आफ्नो कर्म गर्दछ। लेखनाथ लेख्छन्‌-

गाम बेसी गरी लम्बा विचरा ती चरा सब

जीवन-क्रमको शिक्षा स्पष्ट दिन्छन्‌ सगौरव॥

(वसन्त विचार/९५)

चरा चुरुङ्गीहरू दिनभरि घुमेर आफ्नो नित्य कर्ममा लागिरहन्छन्‌। गाउँ गाँउ घर घर घुमेर केवल आफ्नो पेट पालाका लागि दाना मात्रै खोज्दैनन्‌। फुलको पराग, वृक्षका दाना आदि खाएर नयाँ बिरुवा उमार्नमा प्रकृतिलाई सहयोग गर्छन्‌। एउटा जलवायुको उद्भिदलाई अर्को ठाउँमा लगेर माटामा खसाली नयाँ बिरुवा

[34] श्रीमद्भगवद् गीता, गोरखपूर प्रेस, पूर्ववत्, पृ६७

उमार्नमा सहयोग गर्छन्। त्यसैले प्रकृतिको यस कर्मलाई उदाहरण स्वरूप लिएर मानिसले पनि प्रकृतिको सुरक्षाको ज्ञान सिक्नु अनिवार्य छ। यसैलाई 'हरित आध्यात्मिकता' पनि भनिन्छ। व्यक्तिको चेतनामा निहित प्रकृति स्थूल प्रकृतिकै रूपायन हो जसले एकत्वको भाव सिकाउँदछ।

उपभोक्तावादी संस्कृतिले प्रकृति र जीवन विपरीत ध्रुवका मान्छ। मानिस प्रकृतिप्रतिको नैतिक जिम्मेवारी बिर्सेर औद्योगिक विकासमा लागिपरेका छन्। फलस्वरूप प्रकृतिमा विनाशको सङ्केत देखापरिरहेको छ। वास्तवमा प्रकृति र जीवन कार्यकारण सम्बन्धमा आधारित छ। कवि लेख्छन्-

निःशङ्क पिउँछन् पानी सिंहका साथमा मृग
एक-देशीयको हुन्छ दुःखैमा ऐक्य सम्भव।।

(ग्रीष्म विचार/६६)

'ऋतुविचार'-मा परिवेश दर्शनका सम्पूर्ण घटकहरू रहेका छन्। परिवेश विमर्शको एउटा शाखाका रूपमा विस्तार भएको परिवेश दर्शनले प्रकृति, मानवीय नैतिकता र आध्यात्मिकताबारे चिन्तन गर्दै मानिसलाई प्रकृतिप्रति सचेत बनाउँदछ। मानव संस्कृतिको प्रकृतिसँग अटुट सम्बन्ध छ। यी एका-अर्काबाट प्रभावित छन्। आधुनिक साहित्यमा 'संसार' मानिसको सामाजिक संसारमा समेटिएर गइरहेको छ तर परिवेश विमर्शले 'संसार'-को धारणालाई व्यापक बनाएको छ। मानिसको संसार भन्नु नै पहिले प्रकृति त्यसपछि परिवार अनि त्यसपछि समाज हो। कवि लेख्छन्-

लोकोपकारमा जत्ती खर्चन्छ जल-सम्पत्ति
उत्ती उज्यालो देखिन्छ मेघको वदन-द्युति।।

(वर्षा विचार/६४)

पानी परेर धरती जति मलिलो हुन्छ उति नै जीवन फल्न फुल्न सक्दछ। त्यसैले वर्षामा प्रकृतिले कसैलाई पनि पक्षपात गर्दैन। ऊ आफ्नो कर्ममा निस्वार्थ र निष्काम छ। जति पानी पर्दै जान्छ उति नै मेघमा बिजुलीले आफ्नो उज्यालो छर्दै जान्छ। पानी परेको आवाजमा परमानन्दको अनुभूति हुन्छ। जीवनको लागि जल अत्यन्तै आवश्यक तत्त्व हो। मानव अनि मानवेतर प्राणी र वनस्पति यसमा निर्भर रहन्छन्। यी सबै एउटै तत्त्वमा निर्भर रहने हुँदा मानव, मानवेतर प्राणी र वनस्पतिको आधार नै प्रकृति हो। 'संसार' शब्दको अर्थ र यसको अवधारणा सामाजिक संरचनामा मात्र सीमित नरहेर जैविक संसार अथवा सम्पूर्ण

प्रकृति नै 'संसार'-शब्दभित्र अटाउँछ भन्ने कवि लेखनाथको परिवेश दर्शनको ठहर देखिन्छ। कवि लेख्छन्-

लोकोपकारमा सुम्प्यो मेघले सब जीवन
सबै यस्तै भये देखि दुःख हुन्थ्यो हरे! किन?
वर्षाको सुरुमा हर्ष अन्त्यमा पनि हर्ष छ
विशेष अरुमा भन्दा वर्षामा यो प्रकर्ष छ।।

(वर्षा विचार/९९-१००)

के वनजा भन्छिन्- पाश्चात्य पारिस्थितिकी चिन्तकहरूमध्ये धैरै अध्येताहरू इतिहासको बदलिँदो प्रकृतिलाई महत्त्व दिन्छन् तर परिवेश दर्शन इतिहासदेखि मुक्त छैन। प्रकृतिको संरक्षण भनेको प्राचीनताको संरक्षण होइन। इतिहासको उपेक्षा गर्दा कालको गति रोकिन सक्छ। यसको फलस्वरूप पारिस्थितिकी दर्शन कुनै प्रागैतिहासिक युगतर्फ फर्केर साथै भूतकालको पुनरावृत्ति मात्र बनेर सीमित रहन्छ।[35] इतिहास ऋतुचक्र वा कालद्वारा निर्मित विषय हो। प्रकृतिको चक्रमा घटेका घटनाहरूले यसको निर्माण हुँदै जान्छ। त्यसैले परिवेश दर्शनले इतिहासलाई ग्रहण गर्छ।

'ऋतुविचार'-मा प्रकृतिमा भइरहेको शोषणका सङ्केतहरू छन्। 'परिवेश विमर्श'-ले मानिसको लोभ र नृकेन्द्री नीतिको विरुद्ध प्रतिवाद गरेको देखिन्छ। मार्क्सवादी विचारधारामा धारणाभन्दा धेर पदार्थलाई महत्त्व दिइन्छ। सामाजिक व्यवस्था द्वन्द्वद्वारा निर्मित भएको हुनाले यसमा पदार्थको महत्त्व अधिक छ भन्ने मार्क्सवादी विचार देखिए तापनि अनैतिक र गैरजिम्मेवारीपूर्वक पदार्थको खनन् र शोषण गराइले प्रकृतिमा सङ्कट उत्पन्न भएको छ भन्ने मार्क्सवादी परिवेश दर्शनले बताउँछ। ठुला ठुला कम्पनीहरूले विद्युत परियोजनाका लागि प्राकृतिक रूपमा बगिरहने खोला, नदीलाई रोकेर, त्यसको गति वा प्राकृतिक बाटालाई विपरीत दिशातिर मोडेर पृथ्वीमा आतङ्क फैलाइरहको छ।

सहरीकरण र औद्योगीकरणको बढ्दो व्यवस्थाले प्रकृति अझै खुम्चिएर गइरहेको छ। यसको सकारात्मकभन्दा धेर नकारात्मक प्रभाव परिरहेको देखिन्छ। मार्क्सवादले वर्गभेदमा ध्यान दिँदछ। पुँजीवादले प्रकृति र सामाजिक संरचनामा समान रूपले आघात पुऱ्याएको छ। पुञ्जीवादद्वारा प्रकृतिको

[35] के वनजा, सन् २०११, साहित्यका पारिस्थितिक दर्शन, पूर्ववत्, पृ२३

विनाश भइरहेको परिवेश मार्क्सवादी दर्शनले मान्छ। मानिसमा अधिक लालच आउनु र त्यसको प्रेरणाले प्रकृतिको शोषण गर्नु पनि पुञ्जीवादी विचार नै हो। पुञ्जीवादी विचार प्रकृतिका लागि घातक हो।

विद्युत परियोजनाका लागि बनाइएका बाँधहरूले पहाडी जलवायुलाई धेरै प्रभावित बनाएको छ। प्राकृतिक रूपमा जति पानी पर्नुपर्ने र गर्मी हुनुपर्ने त्यसभन्दा धेर मात्रामा पानी पर्नु, घाम लागेर गर्मी हुनु जस्ता घटनाहरू दिनदिनै बढ्दै गइरहेका छन्। मानिसका अनैतिक र गैरजिम्मेवारीपूर्ण कार्यले गर्दा प्रकृतिमा यस्ता परिवर्तनहरू देखा परेका हुन् तर बेसी पानी पर्दा, बेसी गर्मी हुँदा, मानिस उल्टो प्रकृतिलाई नै दोष दिन्छन्। यसको अर्थ मानिस प्रकृतिप्रति गम्भीर छैनन्। वास्तवमा आफूले गरेका सानाभन्दा साना कार्यले प्रकृतिमा प्रभाव पारिरहेको हुन्छ। मानिसले गरेको दुष्कर्मको फल प्रकृतिले भोग्नुपर्छ भने जब प्रकृति त्यस दुष्कर्मले विचलित हुन्छ, त्यसको परिणाम फेरि मानिसले भोग्नु पर्ने हुन्छ। त्यसैले कर्मको बन्धन प्रकृति र जीवनबिच अनन्तदेखि रहेको छ। कवि लेख्छन्-

बिचरा बीच बाटाको जल-शून्य कुवाकन
थाले पुलुक्क हेरेर आँशुले पूर्ण पारन॥
प्यासका साथमा श्वास श्वास-साथै निराशता
उर्लेर गर्न चाहन्छन् पान्थको दिव्य पान्थता॥

(ग्रीष्मविचार/३९-४०)

प्रदूषणको कारणले प्रकृतिमा गर्मी बढेकाले गर्दा पिउने पानीको समस्या भइरहेका घटनाहरू देखा परिहेका छन्। भारतवर्ष प्राकृतिक सम्पदाको धनी भए तापनि लातुर (महाराष्ट्र), गुजरात, ओडिसा, मध्यप्रदेश र अन्य प्रदेशहरूमा पिउने पानीको ठुलो समस्या छ। यस सङ्कटले गर्दा मानिसहरू गाउँ-बस्ती छोडेर सहरतिर पलायन भइरहेका छन्। गाउँ घरमा निराशा, हिंसा, लुटमार आदि जस्ता घटनाहरू घटिरहेका छन्। त्यसैले प्रदूषणको प्रभाव केवल प्राकृतिक प्रक्रियामा मात्र नभएर समाज र सामाजिक मूल्यसम्म पर्दछ।

प्रकृतिले आफैलाई एउटा धारणात्मक शक्तिको रूपमा परिणत गर्दै गोचर वस्तुको रूपमा प्रस्तुत गरेको छ। त्यसैले वरिपरि देखिएका पदार्थ प्रकृतिका 'अन्य' रूप हुन्। प्रकृति वास्तवमा धारणात्मक शक्ति हो। त्यसैले पिता पुर्खाहरूले हामीलाई पहाड पर्वत, नदी, खोला, हावा, आगो, पानी, घाम, जुन आदिको पूजा गर्न सिकाए। यसको मूल अभीष्ट प्रकृतिको शक्तिको सम्मान गर्दै यसको सुरक्षा गर्नु हो।[36] प्रकृति

[36] जर्ज हेगल, फिलोसफी अव् नेचर, hptt/www.blackmask.com, 9:00 pm, 21st june, 2015

स्वनिर्भर छ। त्यसैले यसको अस्तित्व जान्न र यसलाई परिभाषित गर्न सकिँदैन। घाम, जुन, नदी, पर्वत आदिका रूपमा प्रकृति बुझ्नु सतही ज्ञान मात्र हो। प्रकृति विविध संरचनाको शृङ्खला हो। यो आफै एउटा धारणात्मक शक्ति भए तापनि त्यसै शक्तिमा नियमबद्ध पनि छ। यो निश्चय नै दैविक परियोजना हो। कवि लेख्छन्-

पृथिवी छन् शुगा-रङ्गी पिपिराहरूले गरी।
हरियो रेशमी सारी लायेकी प्रमदा सरी।।

(वसन्तविचार/२५)

आफनू शिल्प-सौन्दर्य-महिमाको प्रदर्शिनी
खोलिन् प्रकृतिले लाखौँ फूलमा मनमोहिनी।।

(वसन्तविचार/२७)

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ।

(वसन्तविचार/२८)

प्रकृतिले विविध रङ्ग र रूपमा आफूलाई व्यक्त गरेको छ यद्यपि उनीभित्रको सौन्दर्य शक्ति एउटै छ। त्यसैले यो गोचर आँखाले केवल विविध रङ्ग र रूप मात्रै देख्न सकिन्छ। प्रकृतिको मूल रूप देख्न सकिँदैन। परिवेश दर्शनले प्रकृतिलाई धारणात्मक शक्तिको परिचय गराउँछ। लेखनाथले प्रकृतिका दुवै रूपलाई आफ्नो काव्यमा प्रस्तुत गरेका छन्। लेखनाथको ‘ऋतुविचार’-ले मूल प्रकृतिको दर्शन गराउँछ। यसमा प्रकृतिको भौतिक रूप सँगसँगै आन्तिरिक संरचना पनि देखिन्छ। त्यसैले परिवेश दर्शनका सैद्धान्तिक घटकहरूमध्ये यसमा ‘हरित आध्यात्मिकता’-को विशुद्ध रूप देखिन्छ।

### ३.३. ‘ऋतुविचार’ खण्डकाव्य र परिवेश-धर्मविद्या

‘परिवेश-धर्मविद्या’ ‘परिवेश विर्मश’-भित्र पर्ने नवीन दृष्टिकोण हो। ‘परिवेश-धर्मविद्या’-बारे विमर्श सन् १९६७ देखि पाश्चात्य साहित्यिक प्राज्ञहरूबिच हुन थालेको देखिन्छ। यसै साल लेन व्हाइट जुनियरको ‘द हिस्टोरिकल रुट अव् आवर इकोलजिकल क्राइसिस’ लेख प्रकाशित भएको थियो। यस लेखमा उनले इसाई धर्म र प्रकृतिबिचको सम्बन्धको अध्ययन गरेका छन्। उनले आफ्नो लेखमा उत्पतिको

पुस्तकअनुसार 'मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔँ। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमिनमा चलफिर गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।' भन्ने परमेश्वरको वचनको विरोध गरेका छन्। लेन व्हाइटले यसै वचनको आधार लिएर मानिसहरूले प्रकृतिको शोषण गरिरहेका छन् भन्ने आरोप लगाउँदै बाइबललाई प्रकृति शोषणको मुख्य कारण बताएका छन्।[37] उनको यस लेखको सम्पूर्ण यूरोपभरि विरोध भयो। त्यस समयका साहित्यकार, दार्शनिक, धर्मचिन्तकहरूले बाइबलको छवि सुधार्नका लागि प्रकृति र बाइबलको सम्बन्धबारे नयाँ नयाँ लेखहरू लेख्न थाले। त्यसपछि प्रकृति र धर्मबिचको सम्बन्धबारे अध्ययन हुन थाल्यो।

'परिवेश-धर्मविद्या' रचनात्मक दर्शन हो। यसमा धर्म निरपेक्षताको चर्चा गरिन्छ। यसले धर्म र प्रकृतिबिचको अध्ययन गर्दछ साथै पर्यावरणकेन्द्रित रहेर धार्मिक र आध्यात्मिक महत्त्वको अध्ययन गर्दछ। यसले मानव धर्म, आध्यात्मिकता र प्रकृति सङ्कटलाई केन्द्रमा राख्दछ साथै पारिस्थितिकीय मूल्य र प्रकृतिमा मानिसको अतिक्रमणबारे अनुसन्धान गर्दछ। पारिस्थितिकीको संरचना, विधान र यसमा आएको असन्तुलनको अध्ययन गर्दै परिवेश-धर्मविद्याले धर्म र प्रकृतिको आन्तरिक सम्बन्धको विश्लेषण गर्दछ।

'ऋतुविचार' काव्यलाई नेपाली साहित्यको इतिहासमा परिवेश-धर्मविद्याको एउटा नमुना मान्न सकिन्छ। यसमा कविले प्रकृति र अध्यात्मको संयोजन देखाएका छन्। त्यसका साथै प्रकृतिलाई सजीव रूपमा प्रस्तुत गर्दै उनले प्रकृतिको आन्तरिक तत्त्व अध्यात्म नै हो भन्ने प्रमाणित गरेका छन्। कवि लेख्छन्-

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब
विवेक-ज्योतिले शुद्ध विद्या-तुल्य बनिन् अब।।

(वसन्तविचार/१६)

यस पद्यांशमा प्रयोग भएको 'शुद्ध-विद्या' शब्दले व्यापक अर्थ दिएको छ। भारतीय धर्मविद्याले ब्रह्म विद्याको चर्चा सुरुदेखि नै गरेको छ। यसलाई ब्रह्म विद्या, पराविद्या, राजविद्या आदि नामले जानिन्छ। ब्रह्मरूपी सत्यलाई प्राप्त गर्नु, जान्नु नै ब्रह्म विद्या वा परविद्या हो। श्रीमद्भागवत गीताको नवौँ अध्यायको दोस्रो श्लोकमा यसलाई विज्ञानसहित ज्ञान भनेर 'राजविद्या' नाम दिइएको छ।

---

[37] लेन व्हाइट जुनियर, सन् १९९६, द हिस्टोरिकल रुट अव् अवर इकोलजिकल क्राइसिस, चेरिल गटफेल्टी (सम्पा) द इकोक्रिटिसिजम रिडर, हेरोल्ड फ्रोम, द यूनिर्भसिट प्रेस अव् जर्जिया, लन्डन, पृ १२

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम्।।[38]

गीतामा यस श्लोकको अर्थ यसरी गरिएको छ- 'विज्ञानसहितको ज्ञान सबै विद्याहरूको राजा हो। यो सबै गोपनीय ज्ञानको राजा हो। यो अति पवित्र, अति उत्तम, प्रत्यक्ष फल दिने, धर्मयुक्त, साधन गर्नमा सुगम र अविनाशी छ।' लेखनाथको विचारअनुसार जब वसन्तको आगमन हुन्छ तब पृथ्वी उसको दिव्यताले प्रभावित हुन्छ जसरी विवेकमा ज्ञानको ज्योति बलेर शुद्ध-विद्याको प्रकाश हुन्छ। व्यक्तिमा जब स्व-को ज्ञान हुन्छ तब उसमा कुनै मनोविकार रहँदैन। लेखनाथले यहाँ 'शुद्ध-विद्या' भनेर उपनिषद्को 'पराविद्या'-कै सङ्केत गरेका हुन् यद्यपि यहाँ मौलिकता के देखिन्छ भने लेखनाथ यहाँ प्रकृतिको रहस्य र त्यसको आन्तरिक संरचनाबारे जान्नुलाई 'शुद्ध-ज्ञान' मान्छन्। त्यसैले उनी लेख्छन्-

पशु-पक्षी, लता-वृक्ष सबैको भित्र लक्ष्यमा
झल्कीरहेछ आनन्दी प्रेम-सौन्दर्य-पूर्णिमा।।

(वसन्तविचार/८६)

वास्तवमा वाह्य वा गोचर पदार्थ र वस्तुहरूको समष्टि प्रकृतिको 'अन्य' रूप हो। वास्तविक प्रकृति सौन्दर्यको चेतना हो। त्यसैले प्रकृतिको साक्षात्कर गर्नलाई यसको शास्त्र पढ्नु र बुझ्नु आवश्यक छ। लोकलाई परिवेश-धर्मविद्याले प्रकृतिको वास्तविक स्वरूपसँग परिचय गराउँदछ। ईश्वरको सत्ता र उसको महिमा बुझ्नु हो भने प्रकृतिको प्रकार्यलाई बुझ्नु आवश्यक हुन्छ। यसका नियम वा विधिहरू छन् जसको निक्यौंल परिवेश-धर्मविद्याले गर्दछ।

परिवेश-धर्मविद्यामा आध्यात्मिकताको धेरै महत्त्व छ। अथर्ववेदको दसौँ काण्डको पहिलो सूक्तलाई 'भूमिसूक्त' भनिएको छ। यस सूक्तभरि प्रकृतिको आध्यात्मिकताबारे वर्णन गरिएको छ। प्रकृतिमा निहित मानव र मानवेतर सबै नै प्रकृतिका सन्तान हुन् भन्ने तथ्य यसरी लेखिएको छ-

'त्वज्जातास्त्वयि चरन्ति मर्त्यास्त्वं बिभर्षि द्विपदस्त्वं चतुष्पदः। तवेमे पृथिवि पञ्च मानवा येभ्यो ज्योतिरमृतं मर्त्येभ्य उद्यन्त्सूर्यो रश्मिभिरातनोति।।'[39]

[38] श्रीमद्भागवत गीता, गोर्खपूरप्रेस, पूर्ववत्, पृ १३०

[39] तिलकप्रसाद लुइटेल (अनुवादक), सन् २००६, अर्थववेद (नेपाली अनुवाद), विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, पृ ३८७

तिलकप्रसाद लुइटेल यस ऋचाको अर्थ यसरी गर्छन् 'हे धरती माता तिमीबाट उत्पन्न र तिमीमाथि विचरण गर्ने प्राणीहरू, दुई खुट्टे, चार खुट्टे आदि सबैलाई तिमी पालन पोषण गर्दछयौ जसका लागि सूर्यले आफ्नो अमृतमय रश्मि चारैतिर फिँजाएको छ, यस्ता ब्राह्मण, क्षत्रिय, वैश्य, शिल्पी र शूद्र हामी पाँचै किसिमका मानिसहरू तिम्रै आफन्त हौँ' सनानत धर्मका सबै धर्मविद्यामा प्रकृति संरक्षण र पूजनका विधि र उपायहरू राखिएको पाइन्छ। लेखनाथले 'ऋतुविचार'-मा त्यसैको अनुसरण गर्दै प्रकृतिकेन्द्री विचार व्यक्त गरेका छन्-

झरीले छोपि-राखेका वर्षाका दिन छन् सब
अविद्याले अँठ्यायेका जीव-तुल्य गत-प्रभ ।।
(वर्षाविचार/३८)

प्रस्तुत पद्याशंमा प्रयोग भएको 'अविद्या' शब्दले 'शुद्ध-विद्या' वा 'राजविद्या' को विपरीत अर्थ दिएको छ। व्यक्तिलाई भौतिक र आन्तरिक प्रकृतिको ज्ञान हुनु 'शुद्ध-विद्या' हो भने यसको ज्ञान नहुनु 'अविद्या' हो। वेदान्तले ब्रह्म वा पुरुषको ज्ञान हुनुलाई 'विद्या' र मायाको मात्र ज्ञान हुनुलाई 'अविद्या' मानेको छ। परिवेश-धर्मविद्याअनुसार प्रकृति नै जीवको आधार हो। प्राकृतिक संरचना नै जीवनको संरचना हो भन्ने मान्छ। त्यसैले प्रकृतिको ज्ञान हुनु भनेको नै 'शुद्ध विद्या' हो।

साङ्ख्य दर्शनले प्रकृतिको भौतिक मात्र नभएर सूक्ष्म स्वरूपको अध्ययन गदर्छ। प्रकृतिमा निहित विविध रङ्ग र अन्य सृष्टि कसरी भयो भन्ने प्रश्नको उत्तर भौतिक दृष्टिकोणबाट उत्ति सन्तोषजनक छैन। भौतिक दृष्टिकोणबाट केवल परमाणुहरूको चमत्कारपूर्ण समीकरणले यसको सिर्जना भएको पुष्टि हुन्छ। साङ्ख्य दर्शनले कार्य कारण सम्बन्धको चर्चा गरेर यसबारे अध्ययन गर्दछ। साङ्ख्यले प्रत्येक कारणभित्र कार्य पहिले नै रहेको हुन्छ भन्ने मतलाई प्राथमिकता दिएको छ। वाह्य दृष्टिले यसलाई देख्न नसके तापनि प्रकृतिको यो प्रकार्यगत शक्ति हो जसरी एउटा बिउभित्र सूक्ष्म रूपमा विशाल वृक्ष र त्यसका फल फुलहरू स्वम्भावनास्वरूप रहेका हुन्छन् उसरी नै अव्यक्त मूल प्रकृतिमा द्रव्य जगत्रूपी कार्य पहिले नै रहेको हुन्छ जुन समय आएपछि व्यक्त हुँदछ। त्यसैले उत्पति र विनाशको विषय नयाँ विषय होइन, यो केवल प्रकृतिको अवस्थागत परिवर्तन हो।[40] प्रकृतिमा कार्य-कारणको भेद छुट्ट्याउनु सहज कार्य होइन। कवि लेख्छन्-

[40] राम शर्मा आचार्य (अनुवादक), सन् २००२, साङ्ख्य दर्शन, संस्कृति संस्थान, बरेली, भारत, पृ १६

न पक्षीको कुनै शब्द न प्रभा दिननाथको
भेद छुट्याउनै गाह्रो रातको र प्रभातको।।

(हेमन्तविचार/२४)

उपर्युक्त पद्यांशमा लेखनाथ पौड्यालले हेमन्त ऋतुमा प्रकृतिको अवस्थाबारे चिन्तनका क्रममा यसको चर्चा गरेका हुन् तर यस पद्यांशको व्यञ्जनाले प्रकृतिमा अन्तर्निहित कार्य-कारण सम्बन्धबारे बताएको छ। उत्पति र विनाश पनि पारिस्थितिकीको कार्य अवस्था हो। लेखनाथले हेमन्त ऋतुको वर्णनमा यसलाई प्रतीकात्मक रूपमा अभिव्यक्ति दिएका छन्।

उनी लेख्छन्-

जराले जीवको दिव्य यौवन-ज्योति झैँ सब
दबायो शीत-धाराले शरद्को पुष्प-गौरव।

(हेमन्त विचार/५०)

यौवन अवस्था मानिसको शक्तिशाली अवस्था हो। यसै अवस्थामा व्यक्तिले आफ्नो इच्छावृत्तिअनुसार कार्य गर्छ। यस अवस्थामा व्यक्तिको भौतिक र मानसिक दुवै अवस्था बलियो हुन्छ जब मानिस वृद्ध अवस्थामा प्रवेश गर्छ तब उसको यौवन शक्ति क्षीण हुँदै जान्छ। शारीरिक र मानसिक दुवै रूपले ऊ कमजोर बन्दै जान्छ। हेमन्त ऋतुमा प्रकृति पनि जरा अवस्थामा पुगेको हुन्छ तर वसन्तको आगमनमा उसले पुनः यौवन अवस्था प्राप्त गर्छ। त्यसैले सृष्टिको क्रम र मानवको जीवन चक्र एकै नियमले चलिरहन्छ।

अद्वैत वेदान्तले प्रकृतिलाई माया र ब्रह्मलाई सत्य मानेको छ, तर द्वैतवादले चाहिँ प्रकृति र ब्रह्म दुवैलाई सत्य मानेको पाइन्छ। ब्रह्म सत्य छ भने ब्रह्मद्वारा निर्मित जगत् वा प्रकृति पनि सत्य छ भन्ने द्वैतवादका संस्थापक माधवचार्यको मत थियो। उनले जगत् प्रवाह पाँच भेदहरूमा समन्वित छ भन्ने मानेका छन्। ती हुन् जीव र ईश्वरमा, जीवन र जीवनमा, जीवन र जडमा, ईश्वर र जडमा अनि जड र जडमा। यी भेदहरू स्वाभाविक हुन्। संसार सत्य छ र यसमा हुने भेद पनि सत्य छ। वस्तुको स्वरूप नै भेदमय हुन्छ जसरी ज्ञान र ज्ञेयमा भेद छ उसरी नै प्रकृतिमा भेदको संरचना छ र त्यो सन्तुलित पनि छ भन्ने माधवचार्यको विचार देखिन्छ। त्यसैले प्रकृतिलाई माया स्वीकार गरेर प्रकृतिको अवहेलना गर्न सकिँदैन। प्रकृति पनि ब्रह्मद्वारा निर्मित व्यवस्था भएको हुनाले यो पनि सत्य हो। त्यसैले प्रकृति र ब्रह्मको भेद सहज

रूपमा गर्न सकिँदैन। ब्रह्म सत्य छ भन्ने प्रमाण प्रकृतिको सन्तुलन र पारिस्थितिकीय शक्तिबाट थाहा लाग्दछ। कवि लेख्छन्-

देवी प्रकृतिको दिव्य प्रातःकालीन गौरव
हुस्सू-रूप महामैला थैलामा बन्द भो सब।।

(हेमन्त विचार/२५)

हुस्सू प्रकृतिको लामू गर्भाशय-समान छ।
उसमा कर्म-बाधाको सबैको एक भान छ।।

(हेमन्त विचार/२६)

दिशा यो विदिशा यो हो भन्ने भेद पनी गयो।
मानू समसमाऽऽकार लय-लीला खडा भयो।।

(हेमन्त विचार/२७)

प्रकृतिमा निहित कतिपय व्यवस्था र यसका नियमहरूलाई मानिसले सजह रूपमा छुट्ट्याउन सक्तैन। आफ्नो परिवेशदेखि टाढा अर्को परिवेशमा जाँदा मानिस एक्लो बन्छ। त्यहाँको दिशा, समय, नियम, ऋतु सबैदेखि ऊ अपरिचित हुन्छ। त्यसैले त्यस ठाउँको विषयको भेद गर्न ऊ सक्तैन। त्यसरी नै जड र चेतनको भेद पनि छुट्ट्याउन गाह्रो हुन्छ। जगत्को भेदमय संरचना छ। त्यसैले सत्य छ र नै भेद पनि छ। द्वैत वेदान्तको ब्रह्म सत्य र माया सत्यको दर्शनलाई स्वीकार गर्दै लेखनाथले प्रकृतिलाई पनि सत्य मानेका छन्, तर उनले यसभन्दा अघि अद्वैत वेदान्तको ब्रह्म सत्य जगत् मिथ्याको दर्शनलाई स्वीकार गर्दै यसरी लेखेका छन्-

विचार गर्दा उसको न रेखा छ न रङ्ग छ।
ब्रह्ममा विश्व झैँ खाली भ्रान्तिको त्यो तरङ्ग छ।

(हेमन्तविचार/ १८)

'विचार गर्दा उसको' भनेर प्रकृतिको सङ्केत गरिएको हो जसको वास्तविक रूप रङ्ग छैन, यो ब्रह्मको अघि केवल भ्रान्ति मात्र हो अथवा असत्य हो भन्ने विचार यहाँ देखिन्छ। लेखनाथले 'ब्रह्म सत्य जगत् मिथ्या'को दर्शनलाई स्वीकार गरे तापनि पछि गएर उनले द्वैत वेदान्तको ब्रह्म पनि सत्य हो र प्रकृति पनि

सत्य हो भन्ने दर्शन स्वीकार गरेका छन्। यसले उनी प्रकृतिको अस्तित्वमा विश्वास राख्थे भन्ने सङ्केत बुझिन्छ।

अध्यात्म दर्शनको अध्ययन गर्दै लेखनाथले प्रकृतिलाई सजीवका रूपमा स्थापित गर्ने प्रयास गरेका छन्। उनका दृष्टिकोणमा प्रकृति जड मात्र नभएर चेतन पनि हो। त्यसैले उनी प्रकृतिको गुण गाउँदै यसको संरक्षण र सुरक्षाप्रति सचेत छन्। उनले प्रकृतिको संरक्षणका लागि धार्मिकताको आधार लिएका छन्। धार्मिक नीति र आध्यात्मिक विचार धाराले नै प्रकृतिको संरक्षण हुन सक्छ भन्ने उनको दर्शन 'ऋतुविचार'-मा देखिन्छ।

'ऋतुविचार' प्रकृतिमा केन्द्रित रहेर धार्मिक, दार्शनिक र भौतिक परिधिको विश्लेषण गरिएको हो। तथा धार्मिक, दार्शनिक र भौतिक परिधिलाई समेट्दै प्रकृतिको सुरक्षार्थ लेखिएको काव्य हो। त्यसैले यस काव्यमा एकापट्टि दार्शनिक धार्मिक र भौतिक पक्ष छन् भने अर्कातिर प्रकृति छ। 'ऋतुविचार'-मा ऋतुहरूको वर्णन स्थूल वा अभिधात्मक देखिए तापनि यसको व्यञ्जनामा सूक्ष्म प्रकृति चिन्तन नै देखिन्छ साथै प्रकृतिलाई धार्मिक सहिष्णुताका दृष्टिले व्याख्या गरिएको छ। वास्तवमा प्रकृतिको सुरक्षा मानिसले गर्न सक्तैन। मानिस पारिस्थितिकीको एउटा अङ्ग मात्र हो। प्रकृति आफैमा पूर्ण र सन्तुलित छ यद्यपि मानिसको अनावश्यक इच्छा र लोभका कारणले प्राकृतिक सम्पदा नष्ट भइरहेको हुँदा आज प्रकृति असन्तुलित र सङ्कटको अवस्थामा पुगेको छ। त्यसैले कवि मानिसलाई भ्यागुतासँग तुलना गर्छन् जसरी भ्यागुताले पद्मको महत्त्व बुझ्दैन उसरी नै प्रकृतिमा बसेर मानिसले यसको महत्त्व बुझेका छैनन्। कवि लेख्छन्-

भ्यागुताको जहाँ वास उहीं कमल फुल्दछ<br>
तर त्यो चाल पाउन्न हिलैमा मात्र भूल्दछ।

(वर्षाविचार/७२)

संसार यो हिलो सारा पद्म ईश्वर भक्ति हो<br>
जीव छन् भ्यागुता-तुल्य पद्मको रस मुक्ति हो।।

(वर्षाविचार/४७)

उपर्युक्त कवितांशमा कविले आध्यात्मिक चिन्तन र त्यसको प्रकाशनका निम्ति प्रकृतिलाई रूपकका रूपमा प्रयोग गरेका छन्। यद्यपि प्रकृतिलाई आधार गरेर कविले आध्यात्मिक ज्ञान स्वरूप प्रकृति

सुरक्षाका कुराहरू पनि राखेका छन्।'ऋतुविचार'- मा परिवेश धर्मविद्याका विविध उपकरणहरू छन् जसको माध्यमद्वारा प्रकृतिको संरक्षण हेतु कार्य गर्न सकिन्छ। यसमा सबैभन्दा महत्त्वपूर्ण उपकरण 'हरित आध्यात्मिकता' हो।

### ३.३.१ 'ऋतुविचार' खण्डकाव्यमा हरित आध्यात्मिकता

सांस्कृतिक अध्ययनले साहित्यलाई आफ्नो निजी क्षेत्रबाट बाहिर ल्याएर अन्य थोक बनाएको देखिन्छ। रूपवादी र नयाँ आलोचकहरूले साहित्यलाई साहित्यको सीमाभित्र राखेर नै अध्ययन गर्नुपर्ने बताउँछन्।[41]

उत्तरआधुनिकतावादको बहुलतावादी धारणाले विश्व साहित्यमा ठुलो प्रभाव पारिरहेको बेला प्रकृति र साहित्यबिचको सम्बन्धको अध्ययन गर्ने नयाँ दृष्टिकोण पनि सन् १९९० को दशकदेखि सुरु भएको देखिन्छ जसलाई 'परिवेश विमर्श' भनिन्छ। प्रकृति र साहित्यबिचको अध्ययन गर्ने यस दृष्टिकोणमा अन्य मसिना थुप्रै निकायहरू जोडिँदै आएका छन्। जुनै पनि विषय वा क्षेत्रलाई अन्तरज्ञानानुशासनको परिधिभित्र राखेर अध्ययन गर्ने सांस्कृतिक अध्ययनको धारणाको प्रभावदेखि परिवेश विमर्श पनि अलग छैन। यसमा नारीवाद, दर्शन, अध्यात्म, भाषाविज्ञान आदि ज्ञानानुशासनका विषयहरू पनि जोडिँदै आएका छन्। यसै सन्दर्भमा 'हरित आध्यात्मिकता' परिवेश धर्मविद्याअन्तर्गत एउटा विषय हो। यसमा प्रकृतिको आध्यात्मिकता र साहित्यको शाश्वत स्वरूपबिचको सम्बन्धबारे अध्ययन गरिन्छ। प्रकृतिलाई पुनः जीवित गराउनु पर्छ साथै मानिसमा परिवेश आध्यात्मिकताको ज्ञान सञ्चार गराउनु पर्छ भन्ने विचार यसमा देखिन्छ।[42]

लेखनाथ पौड्यालले आफ्ना कवितामा प्रकृतिको महत्त्व र यसको विचित्रताबारे लेख्नाका साथै प्रकृतिका विविध रूप अनि कार्यहरूबारे पनि अध्ययन गरेका छन्। उनी लेख्छन्-

> लता-जञ्जालले ज्यादा जकडेका कुनै रूख।
> पापका बोझले ग्रस्त पापी झैं छन् अधोमुख।।
> लर्काई सुनगाभाको पुष्प-हार कुनै रूख।

[41] कृष्ण गौतम, सन् २००३, आधुनिक आलोचना : अनेक रूप अनेक पठन, साझा प्रकाशन, काठमाडौँ, पृ २१९

[42] टाइम टु किस द अर्थ् अगेन : एक्सप्लोरेसन अव् इकोस्प्रिच्वलिटी, जेने म्यकी, नेचर एज हिलिङ प्लेस, अङ्क ५, २००३, wholistic Wellness Network.Inc

विलासी झैं डटेकाछन् देखाई हँसिलो मुख।।

(वसन्तविचार/६३-६४)

कविले मानिसको मानसिकतामा भरिएको लोभ र पाशविकतालाई यसरी लेखेका हुन्। लता आदिले छोपिँदा वृक्षमा प्रकृतिको कुमारी भाव देखिन्छ भने उस्तै जञ्जाल मानिसमा हुँदा ऊ पापका बोझले ग्रस्त अधोमुख देखिन्छ। प्रकृतिमा वन फुल, पुष्प आदि फुल्दा सुन्दर देखिन्छ भने मानिसमा अलङ्कार हुँदा ऊ लोभी र विलासीको प्रतीक बन्दछ। अतः मानिसले प्रकृतिको वाह्य संरचना होइन, उसको आन्तरिक संरचना वा सङ्घटनालाई बुझ्नुपर्छ भन्ने अभिप्राय यहाँ देखिन्छ। 'हरित आध्यात्मिकता'-ले पनि प्रकृतिको अव्यक्त रूपको अध्ययन गर्दै व्यक्त रूपमा आउने आग्रह गरेको देखिन्छ।

विश्वमा साहित्यको लामो इतिहास देखिन्छ। यो समाजको दर्पण मात्र नभएर परिवर्तन र क्रान्तिको माध्यम पनि हो। त्यसैले समकालीन साहित्य विचारको कुनै निर्दिष्ट परिधिमा मात्र सीमित रहँदैन। यसले राजनीति, विज्ञान, धर्म, दर्शन र इतिहास आदिका ज्ञान र धारणालाई पनि ग्रहण गर्दछ। यो एउटा तरल ऊर्जा हो। कलाकारको अन्तस्करणमा निष्पन्न स्वयम् प्रकाश्य ज्ञान वा अभिव्यञ्जनाले पाठकको अन्तस्करणमा पनि प्रभाव पार्दछ।

साहित्यलाई आरम्भदेखि नै विविध दृष्टिकोण र धारणाहरूको सहयोगद्वारा अध्येताहरूले परिभाषित गर्ने प्रयास गरेका छन्। उनीहरूले साहित्यको वस्तुगत र विषयगत दुवै रूपको अध्ययन गरेका छन्। आज साहित्यमा प्रकृति, समाज, धर्म, राजनीति आदिको अध्ययन गरिन्छ। परिवेश साहित्य पारिस्थितिकीय सङ्कटमा केन्द्रित रहेको छ।

पूर्वीय र पाश्चात्य दर्शन अनि मनोविज्ञानमा व्यवहार र लीला अलग अलग अर्थमा प्रयोग भएको पाइन्छ। सामान्यतः साधारण व्यक्तिले गर्ने दैनिक क्रिया, प्रक्रिया आदिलाई व्यवहार र कुनै विशिष्ट प्रेरणा वा पराभौतिक रूपमा गरिएको कार्यलाई लीला भनिन्छ।[43] मूलतः व्यवहार भौतिक संसारसँग सम्बद्ध छ भने लीलालाई चेतनाको खेल भन्न सकिन्छ।

साहित्य अध्ययनमा 'परिवेश विमर्श' एउटा नयाँ अवधारणा हो। मूलतः भौतिक प्रकृति र साहित्यको अन्तरसम्बन्धबारे अध्ययन गर्ने यस अवधारणामा अन्य ज्ञानानुशासनका विविध विचार र सिद्धान्तहरू पनि समावेश भएको पाइन्छ। साहित्यको समावेशी अध्ययनमा परिवेश विमर्शले साहित्यको

[43] श्रीमद्-भागवत पुराण, सन् २००१, गोरखपूर प्रेस, पृ२३३

माध्यमद्वारा प्रकृति संरक्षणको चर्चा गर्छ जसका लागि दर्शन, राजनीति, विज्ञान, इतिहास र मनोविज्ञानका स्थापित सिद्धान्तहरूको सार लिएर प्रकृति, संस्कृति, साहित्य र मानवको अन्तरसम्बन्धको निर्क्योल गर्छ।[44]

नर्वेली दार्शनिक आर्ने नासले आफ्नो लेख 'द स्यालो एन्ड द डिप, लङ रेन्ज इकोलजी मुभमेन्ट'(१९७३) प्रकाशित गरिसकेपछि पाश्चात्य दार्शनिकहरूमा पनि प्रकृतिको अध्ययन गरिनु पर्छ भन्ने सचेतता आएको देखिन्छ। पाश्चात्य दर्शनशास्त्रमा यो शब्द र अवधारणा नयाँ थियो। समकालीन अध्ययनमा परिवेश दर्शनले यसलाई स्वीकार गरिसकेको देखिन्छ। यस अवधारणाअनुसार गहन पारिस्थितिकी मूलभूत वा अव्यक्त शक्ति हो जसद्वारा सम्पूर्ण पारिस्थितिकी सञ्चालन हुँदछ अनि यसलाई प्रकृतिको 'कारणत्व' भनिन्छ। अतः यसद्वारा नै पारिस्थिकीय प्रणाली आन्तरिक तहदेखि सन्तुलित भएको हुन्छ। 'कारणत्व' प्रकृतिको प्रकार्यगत शक्ति हो। गोचर प्रकृति यसको भौतिक रूप हो। जीव विज्ञान र वनस्पति विज्ञानका अध्येताहरूले पारिस्थितिकी प्रणालीको व्यवस्थाबारे गम्भीर अध्ययन गरेका छन् साथै यसलाई सञ्चालन र सन्तुल गर्ने शक्ति वा ऊर्जाको अनुसन्धान गर्ने प्रयास गरिरहेका छन्। वैज्ञानिक र शोधकर्ताहरू भौतिक पारिस्थितिकीका विविध पक्ष र तथ्यहरू सङ्कलन र अध्ययन गर्न सक्षम छन् तर यसले गर्ने कार्य प्रणालीको सूक्ष्मतम लीला खोज्न असमर्थ छन्। त्यसैले वाह्य अथवा सतही रूपमा पारिस्थितिकीको अध्ययन गर्ने शाखालाई स्यालो इकोलजी अथवा सतही पारिस्थितिकी भनिन्छ भने पारिस्थितिकीलाई दार्शनिक वा सूक्ष्म दृष्टिले अध्ययन गरेर यसमा निहित जीवन तत्त्वको कारण र कुन शक्तिले पारिस्थितिकीय प्रणाली सन्तुलित बनाएको हुन्छ भन्ने तथ्यको खोज गर्ने दृष्टिकोणलाई गहन पारिस्थितिक वा डिप इकोलजी भनिन्छ भन्ने आर्ने नासको विचार देखिन्छ।[45]

पूर्वमा प्रकृतिलाई धरती माता भनिए झैँ ग्रीक पौराणिक कथाहरूमा यसलाई गाया भनिएको छ जसले सम्पूर्ण पृथ्वीको प्रतिनिधित्व गर्दै यसको भरण पोषण पनि गर्दछिन्।[46] ऊर्वरता र सिर्जनाकी देवी भनेर जानिने गायालाई पूर्वीय परम्परामा भूमाता, भूदेवी, वसुन्धरा आदि नामले चिनिन्छ। धरतीमा भएका सम्पूर्ण जीव, प्राणी, जड, वनस्पति आदिले सृष्टिक्रमलाई आफ्नो भूमिकाअनुरूप सहयोग गरिरहेका

---

[44] चेरिल गटफेल्टी अनि हार्लोड फोर्म, सन् १९९५६, द इकोक्रिटिसिज्म रिडर, द लेन्डमार्क इन लिटेरेरी इकोलजी, युनिभर्सिटी प्रेस अव् जर्जिया, पृ xiv

[45] आर्ने नास, डिप इकोलजी एन्ड सेलो इकोलजी- ए कम्पेरेटिभ स्टडि, *religioandecology.org22/11/2016*

[46] https://en.wikipedia.org/wiki/Gaia_(mythology) 00:56 23/05/2017

हुन्छन्[47] र यी सम्पूर्ण व्यवस्थालाई सन्तुलित र सुचार रूपले सञ्चालित गर्ने नै 'गाया' हो। 'गाया' अनुकल्पनाअनुसार प्रकृति स्वचालित व्यवस्था हो। यसमा रहेका जीव अनि जड सबै नै एउटा व्यवस्थित प्रणालीअन्तर्गत क्रियाशील हुन्छन्। मानवीय हस्तक्षेपको यसमा कुनै आवश्यकता पर्दैन। प्रकृतिलाई सञ्चालन गर्ने परम जैविकताले भौतिक र पराभौतिक रूपमा कार्य गरिरहेको हुन्छ। परिवर्तन, पोषण र संहारको लागि 'गाया' नै स्वयं उत्तरदायी हुन्छ। त्यसैले मानव पनि प्रकृतिकै एउटा अंश भएको हुनाले ऊ सदैव प्रकृतिको नजिक रहेर उनीप्रति कृतज्ञ हुनुपर्छ। लेखनाथ पौड्याल लेख्छन्-

ग्रीष्म-तप्त वसन्तश्री नुहाई पोखरीमहाँ।
हाँस्तै जुर्लुङ्ग निस्किन्की? पद्मका रूपमा अहा!!

(वर्षा-विचार/६९)

धपक्क मेघको घुंटो हाली कुल-वधु-सरी।
दिगङ्गना बसेका छन् लुकाई मुख- माधुरी॥

(वर्षा-विचार/९८)

लोकोपकारमा सुम्प्यो मेघले सब जीवन
सबै यस्तै भये देखि दुःख हुन्थ्यो हरे !किन?

(वर्षा-विचार/९९)

प्रकृतिले आफ्नो व्यवस्था आफै गर्न सक्छ। त्यसैले प्रकृतिलाई सञ्चालित गर्ने ऊर्जा अर्थात् गायाको सङ्केत यी पद्याशंहरूमा लेखनाथले गरेका छन्। गाया कहिले पानी बनेर, कहिले उर्वर माटो बनेर, कहिले प्रकाश, कहिले ऋतु बनेर जीवनको पोषण गर्छिन्।

भारतीय दर्शनमा प्रकृतिलाई जीव र निर्जीवकी जननी भनिएको छ। त्यसैले यी सबै नै प्रकृतिको परिधि र संविधानमा नियमबद्ध रहनु आवश्यक छ साथै मानिसले प्रकृतिको नियम वा संविधानहरूलाई स्वीकार गर्दै यसलाई संवेदनशील रूपमा ग्रहण गर्नु पनि आवश्यक छ। परन्तु, मानिसले प्रकृतिलाई आफ्नो निजी सम्पति ठानेर उपभोग गर्दै आएको हुनाले आज प्रकृति सङ्कटको स्थितिमा पुगेको छ। यस सङ्कटलाई भौतिक र वैज्ञानिक अध्ययनले मात्र समाधान गर्न सकिँदैन। मानिसले आफ्नो नैतिकता र

[47] www.deepecology.org, 21/02/2017

आध्यात्मिक दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ। गहन पारिस्थितिकी र गाया अनुकल्पना पनि यसै विषयमा केन्द्रित रहेका छन्।

परिवेश काव्यले प्रकृतिलाई केन्द्रमा राखेर नृकेन्द्री धारणाका विरूद्ध प्रकृतिको सुरक्षाका लागि कस्ता कस्ता कार्यहरू गरिनु पर्छ भन्ने विषयमा अध्ययन गरिरहेको छ। फलस्वरूप, साहित्यमा सामाजिक कुसंस्कार, राजनीतिक गतिविधि, परिचय सङ्कट, शोषणमात्र विषय नभएर प्रकृतिको सङ्कटबारे पनि व्यापक चर्चा हुन थालेको देखिन्छ। परिवेश विमर्शकहरूले साहित्यकार, कवि, लेखक आदिलाई प्रकृतिको वाह्य परिवेशलाई मात्र नभएर प्रकृतिको आन्तरिक, ऐतिहासिक गतिविधिबारे पनि चर्चा गर्ने आह्वान गर्छन्। वास्तवमा साहित्य प्रकृतिबाट पोषित हुँदै प्रकृतिमा नै हुर्कने विषय भएको हुनाले यसले प्रकृतिको गुणलाई स्वतः ग्रहण गर्दछ। साहित्यमा प्रकृतिलाई प्रतीक र विम्बका रूपमा मात्र प्रयोग नगरिएर यसको आन्तरिक समस्याको उठान गर्नु सक्नुपर्छ। कवि, लेखकहरू प्रकृतिको अनुकरण गर्छन्। प्रकृतिबाट जानेका, बुझेका विषयलाई भाव, संवेदना र ज्ञानद्वारा पोषित गर्छन्; अनि कलात्मक भाषाद्वारा अभिव्यक्ति दिन्छन्। त्यसैले प्रकृतिबिना साहित्य निरस, निष्प्राण र ऊर्जाहीन बन्दछ।

स्वच्छन्दतावादीहरूले प्रकृतिलाई साहित्यको मूल तत्त्वका रूपमा स्वीकार गर्न अघिदेखि नै यो साहित्यको विशेष आधार थियो। उनीहरूले प्रकृतिलाई अन्तर्वस्तु, सङ्केत, प्रतीक, विम्ब आदिका रूपमा व्यापक प्रकारले प्रयोग गरे। आधुनिक युगमा पनि प्रकृतिलाई साहित्यमा प्रयोग गरिएको पाइन्छ। उत्तरआधुनिक साहित्यमा प्रकृति अझ व्यापक र महत्त्वपूर्ण प्रकारले प्रयोग भएको देखिन्छ।

बहुसंस्कृतिवादको प्रभावमा विश्वका सम्पूर्ण राष्ट्रहरू आत्मरक्षाका नाममा विभिन्न प्रकारका विनाशकारी हतियारहरू निर्माण गर्दै त्यसको परीक्षण गरिरहेका छन्। शक्तिशाली ठानिएका देशहरूले आफ्नो व्यापार वाणिज्य वृद्धि गर्नु र आफ्नो देशलाई अझ शक्तिशाली बनाउनाका लागि मसिना देशहरूलाई एका-अर्कामा युद्ध गराएर हतियारहरू बेचिरहेका छन्। युद्धमा ती हतियारहरूको प्रयोगले प्रकृति नै ध्वंस भइरहेको छ। अर्कातिर प्रकृति र पर्यावरण सुरक्षाका लागि विश्व स्तरका गोष्ठीहरू गरेर ती शक्तिशाली देशहरू प्रकृति सुरक्षाका नाटक गरिरहेका छन्। विश्वको यही विडम्बनाले प्रकृतिको सङ्कट अझै गम्भीर रूपमा देखा परिरहेको छ। विश्वका सम्पूर्ण देश प्रकृतिप्रति इमानदार बन्ने समय आइसकेको छ। यसको विनाश र सुरक्षा व्यक्तिको आत्मनिष्ठामा आधारित छ। व्यक्तिले समष्टि रूपमा आफूलाई परिवर्तन गर्न सकेन भने, उसको आधार व्यक्तिगततामा निर्धारित हुन्छ। व्यक्तिगतता स्वार्थ र लोभको

कारक हो। व्यक्तिगत इच्छा र लोभले  गरिएका कार्यहरूले प्रकृतिमा जहिले पनि नकारात्मक प्रभाव पर्दछ।

प्रकृति मानवको विकास, पोषण र इच्छापूर्तीको स्रोत हो तर नृकेन्द्री जीवनशैलीले प्रकृतिलाई दैनन्दिन विनाशतर्फ लगिरहेको छ। मानिसको यस्तो नृकेन्द्रित विचारधारा र जीवनशैलीले प्रकृतिलाई धेरै क्षति पुऱ्याएको हुँदा आजको अध्ययनले हरित आध्यात्मिकताको अवधारणालाई अघि ल्याएको छ। 'ऋतुविचार'-मा प्रकृतिको आध्यात्मिकताबारे धेरै पद्यहरू पाइन्छन्। लेखनाथ स्वयं पनि आध्यात्मिक विचारधाराका कवि थिए। अतः उनका काव्यमा त्यसको प्रभाव रहनु स्वाभाविक देखिन्छ। उनी लेख्छन्-

लोकोपकारमा खर्ची अनन्त जल-सम्पति
डुब्यो आनन्दमा लोक लगाई हँसिलो मुख।।

(शरद्-विचार/४)

पकोपकार-व्रतले गलेका मेघ पावन
प्रतिपच्चन्द्र-रेखा झैँ देखिन्छन् मन-मोहन।।

(शरद्-विचार/६)

मेघ झैं विश्व-सेवामा लगाई शुद्ध जीवन
अन्त्यमा शान्ति जो लिन्छन् उनै हुन् मुक्ति-भाजन।।

(शरद्-विचार/११)

'हरित आध्यात्मिकता' प्रकृतिको परोपकारी भावसँग सम्बन्धित विषय हो। त्यसैले प्रकृतिमा निहित शक्तिको सम्मान गर्नु आवश्यक छ। ऋतुले आफ्नो समयअनुरूप कार्य गर्दछ, ती कार्यहरू सुनियोजित रूपमा सञ्चालित हुँदछन्। यसले गर्दा प्रकृति र जीवनमा सन्तुलन देखिन्छ। वर्षा ऋतुमा मेघबाट अनन्त जल-सम्पत्ति वर्षाएर धरतीलाई ऊर्वर पार्ने शक्तिलाई लेखनाथ प्राकृतिक आध्यात्मिकता मान्छन्। प्रकृतिका प्रत्येक निकाय, नियम, कार्य र गति विश्व सेवामा समर्पित छन्। यसको सन्तुलनमा नै जीवनको अस्तित्व पनि बाँचेको छ। त्यसैले 'हरित आध्यात्मिकता'-को अवधारणाले प्रकृतिको विशाल रूपको निक्यौंल गर्ने प्रयास गर्दछ।

परिवेश धर्मविद्यामा प्रकृतिको चेतन शक्ति, सृर्जना शक्ति, विनाश शक्ति र यिनका सीमाहरूबारे चर्चा गरिन्छ। उपभोक्तावादी संस्कृतिको बढ्दो व्यवस्थाले प्रकृति विस्तारै सङ्कटको चरम अवस्थातिर

पुगिरहेको छ साथै मानिसलाई प्रकृतिबारे धेरै ज्ञान हुँदा हुँदै पनि उसले प्रकृतिको विनाश गर्न छाडेको छैन। सहरीकरण, औद्योगिक विकास, कारखाना, विद्युत परियोजना आदिका कारणले प्रकृतिलाई व्यापक क्षति भइरहेको ज्ञान भए तापनि पनि त्यसतर्फ ध्यान नदिनु मानव समाजको ठुलो विडम्बना हो। तसर्थ मानिसले आफ्नो नैतिकता, संवेदना र विवेक हराउँदै गइरहेको छ। फलस्वरूप मानिस संवेदनाहीन यान्त्रिक मानवको रूपमा रूपान्तरित भइरहेको छ।

प्रकृतिप्रति नकारात्मक विचार र भावनासँगै ध्वंशात्मक प्रवृत्ति मानिसमा अधिक बढेकाले पारिस्थितकीमा असन्तुलन सृष्टि भएको छ। त्यसैले परिवेश धर्मविद्याअन्तर्गत हरित आध्यात्मिकताले प्रकृतिप्रति स्वच्छ र सकारात्मक दृष्टिकोणको अपेक्षा राख्दछ साथै मानिसको प्रकृतिप्रतिको नकारात्मक दृष्टिकोणलाई साहित्यले कसरी परिवर्तन गर्न सक्छ ? वा मानव संवेदनालाई पुनः कुन विधिले पुनर्निर्माण गर्न सक्छ ? भन्ने विषयमा यसले अध्ययन गर्दछ।[48] साहित्य मानिसको चेतनासम्म गएर प्रत्याङ्कन हुने भएकाले प्रकृतिको वास्तविक रूप र प्रकार्यको विवरण साहित्यमा आउन सके यसले मानिसको हृदयलाई परिवर्तन गर्न सक्ने छ।

साहित्यिक लेखनद्वारा पारिस्थितिकीमा कसरी सन्तुलन ल्याउन सकिन्छ? पारिस्थितिकी असन्तुलनका मुख्य कारण के हुन् ? प्रकृति र मानिसबिचको सम्बन्धबारे के साहित्यले आफ्ना विचारहरू राख्न सक्छ? जस्ता प्रश्नहरूको उत्तर हरित आध्यात्मिकताले खोज गर्दछ। यी प्रश्नहरूबारे अध्ययन गर्न अघि साहित्य मानव संवेदना र समाजसँग वार्तालाप गर्ने माध्यम हो भन्ने विषयमा विश्वस्त हुनु आवश्यक छ। विडम्बना के देखिन्छ भने मानिसले सदैव आन्तरिक शान्ति र आनन्दको खोज गरिरहन्छ तर अर्कातिर प्रकृतिको विनाश पनि गरिहन्छ। यस्तो परिस्थितिमा साहित्यले 'हरित आध्यात्मिकता'-को माध्यमद्वारा हरित संवेदनाहरूको सिर्जना गरिनुपर्छ भन्ने विचारधारा परिवेश काव्यले ल्याएको हो। लेखनाथको यी पद्याशंहरू हेरौँ-

नदीका जलले छोड्यो सारा बगर सुस्तरी
ज्ञानीका मनले तुच्छ भोगको वासना-सरी॥

(शरद्-विचार/३४)

---

[48] ब्रोन टेलर, २००१, डार्क ग्रीन रिलिजन : नेचर रिलिजन एन्ड प्लानेटेरी फ्युचर, www.brontylor.com doi:10.1006/reli2000.0257

काव्यमा कविको दिव्य कल्पना-शक्तिको सरी
जलमा अति राम्रो छ हंसको गति-चातुरी॥

(शरद्-विचार/५८)

धन, धर्म दुवै धान्ने धान्य-गौरवले उता।
खेतमा भरियो भारी भरिलो रमणीयता॥

(शरद्-विचार/५९)

लेखनाथ पौड्यालका यी पद्यांशहरूमा हरित संवेदना देखिन्छ। प्रकृतिको माधुर्य र परोपकारी कार्य र प्रकृतिको संरक्षणबारे गरिएका भावोद्गार नै हरित संवेदना हुन्। हरित संवेदनाले मानिसको चेतनालाई छुन सक्नु पर्छ।

पर्यावरणवादको दृष्टिकोणअनुसार 'परिवेश विमर्श' साहित्य र सांस्कृतिक समालोचना हो। यसले प्रकृति र समाजबिचको सम्बन्धसँगै गाया र मानवको चेतनाबिच सम्बन्ध स्थापना गर्दछ। अर्का शब्दमा परिवेश विमर्शले प्रकृतिलाई केन्द्रमा राखेर साहित्यको अध्ययन गर्दछ। परिवेश विमर्शको अध्ययनमा देखा परेको नयाँ दृष्टिकोण 'हरित आध्यात्मिकता'-ले प्रकृति र मानिसको सम्बन्ध र उत्तरदायित्व कस्तो हुनुपर्छ भन्ने तथ्यको निर्क्यौल गर्दछ। प्रकृतिलाई बाह्य दृष्टिबाट भौतिक रूपमा मात्र जान्न, बुझ्न र मान्न सकिँदैन। यसका विविध रूप छन् साथै यसका प्रकार्यहरू छन्। यो ऊर्जा, पदार्थ, ग्यास, भावना, संवेदना आदि रूपमा व्यक्त छ। प्रकृतिलाई जान्न र यसको कार्य प्रणाली बुझ्नका लागि सूक्ष्म मानसिकता, र चेतनाको आवश्यकता पर्दछ तथापि के हामी प्रकृतिको समस्यालाई समधान गर्न सक्छौँ ? यदि गर्न सक्छौँ भने कसरी ? जस्ता प्रश्नहरू उठ्न सक्छन्।

वृक्षरोपण, परिवेश स्वच्छ राख्दा मात्र प्रकृति सुरक्षित हुन्छ भन्ने होइन। मूलतः प्रकृतिको सुरक्षाका लागि मानिसले प्रकृतिको पारिस्थितिकीमा हस्तक्षेप बन्द गर्नुपर्छ। त्यसका लागि मानिसले आफ्नो चेतनालाई स्वच्छ पार्नुपर्छ। उसको आन्तरिक स्वच्छताले नै प्रकृतिप्रति नैतिक जिम्मेवारीको बोध गराउँछ।

पाश्चात्य दर्शन र मनोविज्ञानले प्रकृतिलाई व्यावहारिक पक्षका रूपमा हेरेको छ भने पूर्वीय दर्शनले लीलाको दृष्टिकोणबाट हेरेको छ। यी दुई धारणाका अलग अलग अर्थ र प्रयोग भए तापनि

दुवैलाई एउटा कक्षमा राखेर संवाद गर्न सकिन्छ। साधारणतः व्यवहार भौतिक संसार र आभासी यथार्थसँग सम्बन्धित छ भने लीला चेतना वा मूल्यको क्रिया हो।[49]

पूर्वीय संस्कृतिमा आत्मज्ञान, स्वज्ञान र आत्मचिन्तनको गहिरो परम्परा छ जसका लागि महर्षिहरू प्रकृति र पुरुषको सम्बन्ध लिएर चिन्तन गर्थे। उनीहरूलाई सम्बन्ध मात्र भएर हुँदैन सम्बन्धको ज्ञान पनि हुनु आवश्यक छ भन्ने कुरो थाहा थियो। प्रकृति अनि पुरुषको सम्बन्धबारे ज्ञान भएपछि उनीहरूले 'तत्त्व' बोधको चर्चा गरे। ईश्वरका बारेमा जान्न र बुझ्नका लागि मानिसले प्रकृतिसँग सहचारका रूपमा कार्य गर्नु पर्दछ साथै मानिस आफ्नो चेतना वा आत्माको व्याख्या गर्न चाहन्छ भने उसले प्रकृतिको लीला बुझ्नु आवश्यक छ भन्ने बोध महर्षिहरूले गरे। तसर्थ प्रकृतिको नजिक नगई व्यक्ति भौतिक र पराभौतिक कुनै पनि व्यवस्थामा बाँच्न सक्तैन। लेखनाथ लेख्छन्-

खेतको मोहिनी शोभा हेरदा-हेरदैमहाँ
ब्रह्ममा ब्रह्म-वेत्ता झैं लीन हुन्छ मनै वहाँ॥

(शरद्-विचार/६७)

कृषिको श्रम-साफल्य देखनाले प्रजा सब।
परमाऽऽनन्द पायेको योगी झैं छ सुखी अब॥

(शरद्-विचार/६९)

प्रकृति पोषणको भण्डार मात्र नभएर ज्ञानको भण्डार पनि हो। जब खेत हरियो हुन्छ तब खेतको रूप सुन्दर, हरियाली र मोहिनी देखिन्छ। विष्णुको मोहिनी रूप देखेर सारा सुर असुरहरू मोहित बने झैँ खेतको हरियाली देखेर मानिसहरू मोहित भई प्रकृतिको गुण गाउँछन्। ब्रह्मको खोज गर्नेहरू जसरी ब्रह्ममा लीन हुन्छन् उसरी नै प्रकृतिको यो अद्भूत क्रियासँग मानिसहरू मोहित हुन्छन् अनि योगीहरू परमानन्दको खोजीमा आनन्दित भए झैँ खेतको लहलह हरियालीमा कृषकहरू एकचित्त हुन्छन्। प्रकृतिको सेवा गरेर प्रकृतिको हरित रूपको चिन्तन गरे मानिस सदैव प्रकृतिमा सुरक्षित छ। यही हरित चिन्तनका लागि मानिस प्रकृतिको नजिक जानु आवश्यक छ अनि चेतनागत आधारबाट अर्थात् नैतिक आधारबाट प्रकृतिको अध्ययन गर्नु आवश्यक छ।

[49] दीनदयालजी, सन् २०००, विराटविज्ञान दर्शन, श्री प्राणनाथ ज्ञानकेन्द्र चेरीटेबल ट्रस्ट, बोरीवली, मुम्बई, भारत, पृ २३

लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा प्रकृतिको यही हरित चेतना देखाउने प्रयास गरेका छन्। लेखनाथ विज्ञान विरोधी देखिँदैनन् तर विज्ञानभन्दा उनी प्रकृतिको हरित रूपको अनुसन्धान रुचाउँछन्। 'वर्षाविचार'-मा लेखनाथ लेख्छन्-

विश्वको दुःख देखेर दयाधारी पयोधर
न पग्लेको भये-देखी के रहन्थ्यो चराऽचर?।।
न स्थान, मान चाहन्छ जाति, पाँति न गन्दछ
जल वर्षाउँदा मेघ मानू ब्रह्मज्ञ बन्दछ।।
पवित्र परमात्माको भक्तिमा सत्य भक्त झैं
शीतलो जलधारामा भिजेको छ प्रजा सधैं।।

(वर्षा-विचार- ३२/३३/३४)

'वर्षाविचार'-को उपर्युक्त पद्यमा लेखनाथले प्रकृतिको आध्यात्मिकता देखाएका छन्। संसारमा गर्मी मात्रै भएको भए जीवन नै हुँदैन थियो। त्यसैले मेघ वा बादल पग्लेर वर्षा भएपछि यहाँ जीवन सम्भव भएको छ। त्यसैले प्रकृतिमा गर्मी बढ्नु र त्यस गर्मीलाई सन्तुलनमा राख्नका लागि प्रकृतिले एउटा व्यवस्था बनाएको छ जसलाई वर्षा भनिन्छ। प्रकृतिको यो सन्तुलन नै हरित आध्यात्मिकताको सङ्केत हो।

प्रकृति र मानवबिचको सम्बन्धबारे नैतिकता र सहिष्णुताको अध्ययन नै हरित आध्यात्मिकता हो। लेखनाथले आफ्ना प्रायः सबै कृतिहरूमा प्रकृति र मानवबिचको सहिष्णुताको पक्ष लिएका छन्। उनले प्रकृतिको महानतासँगै महत्त्व पनि बुझेका थिए। यसको उदाहरण 'तरुण तपसी'-मा देखिन्छ। उनी 'तरुण तपसी'-मा लेख्छन्-

किरामा, पक्षीमा, नर, पशु, लता, वृक्षतकमा
अहो! एकैनासे परम चितिको दिव्य चकमा
फुरेको देख्दैछौ तदपि किन गर्छौ धरमर?
विवेक-ज्योत्स्नाले सकल धरणी शीतल गर।।

(तरुण तपसी २/१०)

संसारमा धर्म र आध्यात्मिकताको नाममा भइरहेको दुराचार, पाप, प्रकृति शोषणजस्ता विषयदेखि अलग वा भिन्न चेतना 'हरित आध्यात्मिकताले' दिएको छ। वर्णाश्रमअन्तर्गत वर्ण भेद गरिएपछि समाजमा

आएका विशृङ्खलताले धर्ममा पनि विविध कलह सुरु भएको हो, तर प्रकृति धारण गरिने धर्म होइन। प्रकृति धर्म वा हरित आध्यात्मिकताले प्रकृति र मानिसबिच सहिष्णुताको सम्बन्ध स्थापना गर्छ र यसले प्रकृतिको अध्ययन र यसको संरक्षणको कार्य गर्न सिकाउँछ। हरित आध्यात्मिकतामा कुनै अहम् र स्वाभिमानको स्थान हुँदैन। त्यसैले लेखनाथले भनेका छन्, मेघले जाति, धर्म वा वर्ग छुट्ट्याएर वर्षा गर्दैन जब मेघले वर्षा गर्छ तब ऊ ब्रह्मज्ञ बन्दछ। ब्रह्मज्ञ ब्रह्मतत्त्व बुझ्ने हो अर्थात् सम्पूर्ण सृष्टिलाई समान दृष्टि र भावले हेर्नु हो। प्रकृतिमा मात्र यो गुण सम्भव छ। व्यक्तिभित्र यो गुण रहेको हुँदा हुँदै पनि आफ्नो व्यक्तिगत स्वार्थले यसलाई बाहिर निस्कन दिँदैन। ज्ञानी वा ब्रह्मज्ञले मात्र यो दृष्टि व्यवहारमा ल्याउन सक्छ। प्रकृतिमा कुनै भेदभाव छैन। त्यसैले व्यक्तिले यस प्रकारको आध्यात्मिकता प्रकृतिबाट ग्रहण गर्न सक्नु पर्छ। व्यक्तिले ईश्वरीय शक्तिलाई सम्मान दिए झैँ प्रकृतिको प्रकार्यलाई पनि सम्मान दिनु आवश्यक छ। परमात्माको भक्तिमा लीन हुने भक्तले प्रकृतिको क्षति गर्छ भने उसमा आध्यात्मिकता रहँदैन। आध्यात्मिकता प्रकृतिमा समर्पित हुनु हो। त्यसैले प्रकृति समर्पणको प्रतीक हो अनि यसको प्रकार्य 'हरित आध्यात्मिकता' हो।

लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा प्रकृतिका विविध रूप र प्रकार्यहरूको वर्णन गरेका छन्। उनले 'ऋतुविचार'-मा प्रकृतिमा निहित शक्ति र यसको विशेष सन्तुलनमा आफ्नो ध्यान आकर्षण गरेका छन्। भैरव अर्याल लेख्छन् "शाक्तहरू जगत्को विस्तार पाँच विभिन्न शक्तिहरूबाट भएको बताउँदछन् र यिनै पाँच शक्तिको सामवायिक-शक्तिलाई प्रकृति भन्दछन्। ब्रह्मवैवर्त र मार्कण्डेय पुराणहरूले यसै मतलाई पुष्टि गरेका छन्। यी सबैतिर यसो सरसरती चिहाउँदा पूर्वीय दर्शनहरू प्रायः प्रकृतिको परिभाषा जीवन-जगत्को मूलको रूपमा गर्दछन् र धेरैजसो यसलाई अव्यक्त र व्यक्तका द्विचरतामा विभाजन गर्दछन्। अव्यक्त-प्रकृति मन, वचनभन्दा पनि परको सूक्ष्म तत्त्व हो।"[50] लेखनाथ पौड्यालले पनि प्रकृतिका यी अव्यक्त र व्यक्त रूपको चर्चा गरेका छन्। भौतिक रूपमा देखिएका पहाड, वन-जङ्गल, खोला-नाला, पशु-पक्षी सबै व्यक्त प्रकृति हुन् भने यी सबै अव्यक्त प्रकृतिको शक्तिअनुसार सन्तुलित छन्।

मानिसले भौतिक प्रकृतिको क्षतिसँगै आन्तरिक अथवा अव्यक्त प्रकृतिको पनि क्षति गरिरहेको छ। वन-जङ्गलको विनाश, पशु प्राणीको अन्धाधुन्द सिकार, सहरीकरण, औद्योगिक कल-कारखाना, विद्युत बाँध परियोजना आदिले गर्दा प्रकृतिको भौतिक संरचना नाश भइरहेको छ। मानिसमा

[50] भैरव अर्याल, सन् १९७०, नेपाली काव्यमा प्रकृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ७

प्रकृतिप्रतिको नैतिकता अनि सद्भावना पनि नष्ट भइरहेको छ। सबैभन्दा ठुलो समस्या, प्रकृति पनि सजीव वा सावयव हो भन्ने धारणा हराउँदै गइरहेको छ। यसले गर्दा प्रकृतिप्रतिको श्रद्धा र भक्ति पनि नष्ट भइरहेको छ। प्रकृतिलाई केवल उपभोगको वस्तु ठानेर यसको दुरुपयोग भइरहेको हुँदा लेखनाथले मानिसको नैतिकताप्रति व्यङ्ग्य गरेका छन्।

**३.४. परिवेश काव्यका रूपमा 'ऋतुविचार' खण्डकाव्य**

नेपाली लोक साहित्यमा ऋतु विशेषका गीत र लोक कविताहरू पाइन्छन्। बाह्रमासा, बाह्रमासे, खेत रोपाइँ र पर्व गीतहरूमा ऋतुको वर्णन पाइन्छ। ऋतुहरूको वर्णनको अभिप्रायले लेखिएका यी गीत र कविताहरूलाई परिवेश काव्य भन्न सकिँदैन। परिवेश काव्यमा ऋतुहरूको वर्णन गरेर कविता लेखिए तापनि त्यसको अभिप्राय प्रकृति सुरक्षा र प्रकृति चिन्तन हुनुपर्छ। त्यहाँ पारिस्थितिकीका कुराहरू चर्चा गरिएको हुनुपर्छ। परिवेश काव्यमा प्रकृतिको भौतिक रूपसँगै आध्यात्मिक चिन्तन वा हरित चिन्तनका कुराहरू हुनुपर्छ साथै प्रकृतिको सङ्कटलाई सम्बोधन गर्दै त्यसका निवारणका उपायहरूको चर्चा गरिनुपर्छ। तसर्थ नेपाली साहित्यमा ऋतुहरूको वर्णन गर्दै र प्रकृतिलाई पनि केन्द्रमा राख्दै रचिएको लेखनाथ पौड्यालको 'ऋतुविचार'-काव्यलाई नेपाली साहित्यको पहिलो परिवेश काव्य मान्न सकिन्छ।

'ऋतुविचार'-मा ऋतुहरूका गुण, स्वभाव र कार्यअनुसारको वर्णन गरिएको छ। यतिमात्र नभएर प्रकृतिको अध्ययनका लागि यसमा दार्शनिक दृष्टिकोणको प्रयोग गरिएको छ। व्यक्त अनि अव्यक्त प्रकृतिको परिधिमा रहेर प्रकृतिको महत्त्वको निर्क्यौल गरिएको छ।

प्रकृतिको सुरक्षा वा संरक्षण र पारिस्थितिकीमा सन्तुलनका लागि मानिसमा हरित विचारधारा, हरित चिन्तन र हरित आध्यात्मिकता जगाउनका लागि लेखिएको काव्य नै परिवेश काव्य हो। विज्ञान र तकनिकी उद्योगतिर अग्रसर यस शताब्दीमा किन काव्य वा कविताको आवश्यकता पर्छ? भन्ने प्रश्नमा ब्रिटिस आलोचक जोनाथन बिटले आफ्नो पुस्तक 'द सङ अव् अर्थ'-बारे भनेका छन् यो पुस्तक आधुनिक पाश्चात्य मानिसहरूका लागि हो जो प्रकृतिदेखि विमुख भइरहेका छन्। यो पुस्तक ती लेखकहरूका लागि हो जसले हामीलाई पृथ्वी वा प्रकृतिमा सन्तुलित बनाएर बस्न सिकाउँछ, यो प्रकृति हाम्रो घर हो।[51]

[51] मिसेल पिटर, रुथ इरविन् सन् २००२, द अर्थ सङ : इकोपोएटिक्स हाइडिगर एन्ड ड्विलिङ, google.com 25/05/2017

एउटा राम्रो परिवेश काव्यले मानिसलाई प्रकृतिसँग सहिष्णुताका साथ सन्तुलित भएर बस्न सिकाउँछ। परिवेश काव्य ग्रामीण विषयवस्तुमा आधारित कविता होइन। यो प्रकृतिको आन्तरिक अनि बाह्य परिस्थिति र स्थितिबारे रचना गरिएको काव्य हो। 'ऋतुविचार'-मा प्रकृतिको प्रकार्य शक्ति प्रस्तुत गरिएको छ। यस काव्यमा कविले स्वयम्लाई आध्यात्मिकताको भावभूमिमा राखेर प्रकृतिको महत्त्व र जीवनमा यसको अनिवार्यता कस्तो छ भन्नेबारे सम्झाउने प्रयास गरेका छन्। लेखनाथ लेख्छन्-

पृथ्वीको दिव्य सौन्दर्य न अटायेर पट्ट भै।
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै?॥

(वसन्त-विचार/३२)

प्रत्येक वृक्षमा निस्क्यो पुष्प-पल्लव-माधुरी।
संसारी जीवको रागी वासना झैं थरीथरी॥

(वसन्त-विचार/५७)

परिवेश काव्यले प्रकृतिको सुन्दरतालाई भन्दा बढी यसको प्रकार्यगत शक्तिलाई महत्त्व दिन्छ। यसले प्रकृतिको सुरक्षा र संरक्षणसँगै मानिसले यसको सटीक उपयोग गरिनुपर्छ भन्ने सुझाउ दिन्छ। प्रकृतिको दिव्यताबारे मानिसलाई ज्ञान हुनु आवश्यक छ भन्ने बारे पनि बताउँदछ। त्यसैले लेखनाथ पौड्यालले प्रकृतिको दिव्य सौन्दर्य, सुन्दरता अथवा यसको शक्ति पुष्पको रूपमा निस्केको वर्णन गरेका छन्। प्रकृतिमा निहित सौन्दर्य शक्ति वा रूपान्तरको ऊर्जाको यो सुन्दर उदाहारण हो। आफ्नो अव्यक्त रूपलाई व्यक्त रूपमा रूपान्तरित गर्ने प्रकृति शक्ति नै प्रकार्य शक्ति भनिन्छ। यसै शक्तिका आधारमा सम्पूर्ण सिर्जनाले जीवन प्राप्त गरेको छ।

प्रकृतिलाई आन्तरिक रूपमा सञ्चालन गर्ने शक्ति वा ऊर्जाको सन्तुलन हुनु आवश्यक छ। मानिसहरू प्रकृतिलाई सञ्चालन गर्ने त्यस ऊर्जालाई 'भगवान'-को संज्ञा दिन्छन्। 'भगवान'- शब्दमा पनि प्रकृतिका पाँच तत्त्व छन् जस्तै भ-भूमि, ग-गगन, वा-वायु अनि न-निर अनि अ-अग्नि। यो 'अ' ध्वनि 'भगवान' शब्दको प्रत्येक वर्णमा पाइन्छ। त्यसैले ईश्वरीय सत्तामा विश्वास गर्नेले पनि परोक्ष रूपमा प्रकृतिकै पूजा गरिरहेको हुन्छ। मूलतः यसैलाई 'हरित आध्यात्मिकता' भनिन्छ र यसले मानिसलाई प्रकृतिको आन्तरिक ज्ञानबारे बताउँदछ।

लेखनाथले उपर्युक्त दोस्रो पद्याशंमा प्रकृतिको रूपायनसँगै मानिसका अनावश्यक इच्छाहरूको चित्रण गरेका छन्। प्रकृतिले मानिसलाई जीवन प्रदान गर्दछ। प्रकृतिको सिर्जना जहिले पनि 'नयाँ' हुन्छ। 'नयाँ' थोक वा विषय व्यक्तिले निर्माण गर्न सक्तैन। मानिसले प्रकृतिमा भएकै वस्तु र विषयबाट भिन्न प्रकारले आफ्नो विषय तयार गर्दछ तर प्रकृतिमा नयाँ नयाँ घटना, संरचना आदि निर्माण भइरहेका हुन्छन्। एउटा रूखमा आउने परिवर्तन हर प्रकारले नयाँ हुन्छ। फुलमा हुने रङ्ग, फलको स्वाद, पशु-पक्षीमा नैसर्गिक ज्ञानको सञ्चार ऋतुहरूको परिवर्तन सबै नै 'नयाँ' हो। मानिसमा नयाँ भन्ने विषय उसको असीमित इच्छा मात्रै हुन्छ। त्यसैलाई कविले 'रागी वासना' भनेका छन्।

लेखनाथले 'ऋतुविचार'-मा प्रकृति र नारीलाई एउटै दृष्टिकोणले हेरेका छन्। प्रकृतिका वाह्य अनि आन्तरिक दुवै थरी गुण नारीमा पाइन्छन्। त्यसैले नारीहरू सदैव प्रकृतिको नजिक हुन्छन्। प्रकृतिको स्वभाव र धर्म नारीसँग नजिक देखिन्छ। पर्यावरणको सुरक्षा हेतु नारीहरूले नै धेर आन्दोलन गरेका छन्। परिवेश नारीवादले सदैव प्रकृति सुरक्षाको माग गरिरहेको छ। यो एउटा आन्दोलन भए तापनि प्रकृति र पर्यावरणका लागि आवाज उठाउने ठुलो मञ्च हो। 'ऋतुविचार'-मा प्रत्येक ऋतुहरूका वर्णनमा प्रकृतिलाई नारीको समतुल्य राखी प्रस्तुत गरिएको छ। कवि लेख्छन्-

पृथ्वी छन् सुगा-रङ्गी पिपिराहरूले गरी।
हरियो रेशमी सारी लायेकी प्रमदा सरी।।

(वसन्त-विचार/ २५)

आमा समानकी निद्रा तत्कालै झप्प आउँछे।
काखमा बटुवालाई राखी दर्द भुलाउँछे।।

(ग्रीष्म-विचार/४३)

देवी प्रकृतिको दिव्य प्रातःकालीन गौरव।
हुस्सू-रूप महामैला थैलामा बन्द बो सब।।

(हेमन्त-विचार/२५)

अमेरिकेली कवि गेरी स्नाइडर बिसौँ शताब्दीका विशुद्ध परिवेश कविता लेख्ने कवि हुन्। उनले आफ्ना कविताहरूमा प्रकृति-सङ्कटका कुराहरू साथै प्रकृति सुरक्षाका कविताहरू लेखेका छन्। उनका कविताहरूमा पर्यावरण, प्रकृति लेखन आदि सम्बन्धित कुराहरू पाइन्छन्। नेपाली साहित्यमा लेखनाथ

पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, मोहन कोइराला आदिले आफ्ना काव्यमा प्रकृतिलाई नै केन्द्र बनाएका छन्। भारतका नेपाली कविहरूमा मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, सुधा एम राई आदिका कविताहरूमा प्रकृति केन्द्रमा रहेको पाइन्छ, यद्यपि भारतीय नेपाली कविहरूमा प्रकृतिप्रतिको सचेतता हुँदा हुँदै पनि अधिकांश कविताहरू परिचय सङ्कट, माटोको माया, जातीय अस्मिता आदिमा केन्द्रित देखिन्छन्। लेखनाथ पौड्याल प्रकृतिलाई भौतिक आँखाले भन्दा दार्शनिक आँखाले हेर्न रुचाउँछन्। त्यसैले उनी परिवेश दर्शन बुझ्ने कवि हुन्। उनमा प्रकृति दर्शनको ज्ञान रहेको तथ्य 'ऋतुविचार'-ले देखाउँछ। प्रकृति वाह्य अनि आन्तरिक दुवै तहबाट प्रदूषित भइसकेको छ जसको मूल कारण मानिसद्वारा प्रकृतिप्रति गरिने अनैतिक क्रियाकलापहरू हुन्। मानिसको आन्तिरक परिवेश, आन्तिरक विचार, भावना नै प्रदूषित भइसकेको छ। मानिसको संवेदना, भावना र चेतनालाई परिष्कृत पार्न सक्ने थुप्रै उपकरणहरू हुन् सक्छन् जसमा साहित्यलाई प्रमुख मान्न सकिन्छ। अतः मानिसको वैचारिकता आएको प्रकृतिप्रतिको प्रदूषित विचारहरूको तुष्टीकरणका लागि अथवा परिष्कार गर्नका लागि परिवेश काव्यको आवश्यकता पर्दछ। लेखनाथ लेख्छन्-

पहिले वन गर्मीले उसिनेको समान छ।
डढेलो उसमा फेर दुःखको के बयान छ?

(ग्रीष्म-विचार/६७)

घरी झार, घरी पात, घरी वृक्ष, घरी लता।
भस्म पारी डढेलाले उडायो वनको पता।।

(ग्रीष्म-विचार/७६)

उनी अझै लेख्छन्-

प्रत्यक्ष सर्व-संहारी महामारी-समान यो ।
आगोले जङ्गली जीव नाम-शेष गरी-दियो।।

(ग्रीष्म-विचार/६९)

वृष्टि छैन, कडा घाम बढदो छ प्रतिक्षण।
डढेलो उसमा फेरी के रहन्थ्यो कठै ! वन?

(ग्रीष्म-विचार/८०)

'ऋतुविचार'-मा 'ग्रीष्मविचार'-भित्र जुन उष्णता कविले देखाएका छन् त्यो वैश्विक उष्णताको सङ्केत हो। आजको सन्दर्भमा उक्त विचार सान्दर्भिक देखिन्छ। वन-जङ्गल, गाउँ, सहर सबैतिर उष्णता बढेको छ। जलवायु र पर्यावरणमा आएको यस्तो उच्च उष्णताले पारिस्थिकीमा पनि थैरै प्रभाव परिरहेको देखिन्छ। वन-जङ्गलमा डढेलो लागेर वनस्पतिको नाशसँगै पशु प्राणीहरू पनि मर्छन्। लेखनाथले यही उष्णताको कारणले गर्दा संसारमा अनिकाल, खडेरी, महामारीजस्ता हुने सङ्केत गरेका छन्। वैश्विक उष्णतामा सहरीकरण र औद्योगिक विकास पूर्ण रूपले जिम्मेवार छ। लेखनाथ पौड्याल प्रकृति प्रेमी मात्र नभएर प्रकृति-चिन्तक पनि थिए। 'ऋतुविचार' त्यसैले परिवेश काव्य हो।

परिवेश काव्यमा प्रकृतिपरक भाषा प्रयोगको गरिन्छ अर्थात् यसमा प्रकृतिको संवेदनासँग नजिक रहने भाषाको प्रयोग गरिन्छ। मानिस स्वयम् पनि प्रकृतिको संवेदनामा नै बाँचिरहेको हुन्छ। एकाइसौँ शताब्दीमा साहित्यसँग परिचित भएका काव्यशास्त्रहरूले धैरै सीमासम्म नृकेन्द्री विचारधारा र दृष्टिकोणलाई ग्रहण गरेको छ तर परिवेश विमर्शले प्रकृतिलाई केन्द्रमा राखेर साहित्यको अध्ययन गर्ने आग्रह गर्दछ। अमेरिकेली कवि एमिली डिक्सन र वाल्ट विट्मेनले प्रकृतिको केन्द्रमा रहेर प्रकृतिपरक कविता लेखेका छन्। विलियम वड्सवर्थको अनुसरण गर्दै प्रकृति-कविताहरू लेखिए, यद्यपि डिक्सन र विट्मेनले कवितामा प्रकृतिको वर्णन मात्र गरेनन्। यिनीहरूले धार्मिक सङ्कथनका आधारमा प्रकृतिको विवेचना गर्दै मानिसको जीवनमा प्रकृतिको भूमिका र महत्त्व देखाएका छन्।[52]

'ऋतुविचार'-मा लेखनाथ पौड्यालले प्रकृतिलाई अनिवार्य तत्त्वको रूपमा देखाएका छन्। उनी लेख्छन्-

खेतमा जलका धारा वर्षदा-खेरि बाहिर।
उर्लन्छ खेतिवालाका मनमा सुख-सागर।।

(वर्षा-विचार/७८)

मानिसका लागि प्रकृतिको हरेक क्रिया अनिवार्य छ। खेतमा जलको धारा बगेपछि अथवा वर्षा आएपछि खेतीवाला, किसानहरूले मनमा सुखको गीत गाउन थाल्छन्। एउटा कृषकका लागि वर्षा अनिवार्य हुन्छ। उसको जीवन वर्षाको पानीमा नै निर्भर रहेको हुन्छ। बाह्रै महिना पानी परिरहे सृष्टि कस्तो होला ? भन्ने कल्पना गर्न सकिँदैन। त्यसैले वर्षापछि अर्को ऋतु पनि जीवनका लागि उत्तिकै अनिवार्य विषय हो।

[52] इकोपोएट्री, *https://kscenglishstudies1.files.wordpress.com/2015/.../ecopoetry-encyclopedia-entry*. 14/02/2017

वर्षाको पानीले माटो मलिलो पारेपछि, खेतमा रोपिएका अन्न बालीहरू फुल्न  र फल्न थाल्छन्। यसका लागि घामको किरण र त्यसको मात्राको आवश्यकता पर्दछ। आवश्यकताभन्दा धेर गरमी भयो भने अथवा आवश्यकताभन्दा धेर चिसो भयो भने अन्न ठिकसँग फल्न र पाक्न सक्दैन। त्यसैले शरद् ऋतु अन्न बालीका लागि अति नै आवश्यक समय हो। कवि लेख्छन्-

खेतको मोहिनी शोभा हेरदा-हेरदैमहाँ।

ब्रह्ममा ब्रह्म-वेत्ता झैँ लीन हुन्छ मनै वहाँ।।

(शरद्-विचार/६७)

कृषिको रङ्गको राम्रो देखदा खेतको छवि।

केशरी बागमा पुग्छन् उपमा खोजदै कवि।।

(शरद्-विचार/६९)

परिवेश काव्यमा प्रकृतिलाई सम्बोधन गर्ने भाषा महत्त्वपूर्ण हुन्छ। यसमा प्रकृतिका नजिकमा रहेर काव्यको सिर्जना गरिन्छ। प्रकृतिदेखि अलग रहेर परिवेश काव्यको कल्पना गर्न सकिँदैन। त्यसैले यसको भाषा पनि प्रकृतिपरक नै हुन्छ। प्रकृति र साहित्यबिचको अवकासमा भाषा नै सम्पर्क सूत्रका रूपमा देखिन्छ। त्यसैले प्रकृतिपरक भाषाको यसमा प्रयोग गरिन्छ। प्रकृतिको केन्द्रमा रहेर पारिस्थितिकीय सङ्कटलाई केन्द्र गर्दै त्यसको सुरक्षा र सन्तुलनका लागि प्रयोग गरिने भाषा नै 'हरित भाषा' अथवा परिवेशपरक भाषा हो। राजनीतिका लागि राजनीतिको भाषा प्रयोग हुन्छ। काव्यका लागि काव्य भाषा र विज्ञानका लागि सूत्रात्मक भाषाको प्रयोग हुन्छ भने परिवेश काव्यका लागि प्रयोग हुने भाषालाई 'हरित भाषा' भन्न सकिन्छ। यसमा केवल पर्यावरणवादका विषय र तथ्यहरू मात्र नभएर काव्यगत कल्पना र अनुकल्पना हुनु आवश्यक छ। पर्यावरणविद्हरूले पनि पारिस्थितिकीको सन्दर्भ बुझाउने भाषा नै प्रयोग गरेका हुन्छन् तर परिवेश काव्यको भाषा प्रकृति र पारिस्थितिकीको सन्दर्भ बुझाउने सँगसँगै कलात्मक हुनुपर्छ। प्रायोगिक भाषाविज्ञानको पारिस्थितिकीकेन्द्री शाखाको विकास भइसकेको छ। सन् १९९० को दशकदेखि यसको चर्चा व्यापक रूपमा भइरहेको देखिन्छ। अङ्ग्रेजीमा 'इको लिङ्ग्विस्टिक्स' नामले परिचित यसले भाषामा प्रकृति वा पारिस्थितिकीका विविध सन्दर्भहरू उठाएको छ।

लेखनाथले आफ्ना प्रायः सम्पूर्ण काव्यमा परिवेशपरक भाषाको प्रयोग गरेका छन्। 'ऋतुविचार'-काव्यमा प्रयोग भएको भाषालाई 'हरित भाषा' भन्न सकिन्छ। यसमा प्रकृति सम्बन्धित

विषय, तथ्य, पारिस्थितिकीको विवरण अथवा काव्यगत रूपमा पर्यावरणवादको अभिव्यक्ति आदि पाइन्छन्। 'ऋतुविचार'-मा प्रयुक्त भाषाको अभिप्राय नै प्रकृतिको मूल्यबारे मानव समाजलाई जानकारी गराउनु हो। लेखनाथले पौड्याल लेख्छन्-

वसन्तले बुनी आफैं सूर्यको कान्ति-माधुरी।
माथमा वन-देवीको चढायो कि मनोहर ?

(वसन्त-विचार/५६)

प्रत्येक वृक्षमा निस्क्यो पुष्प-पल्लव-माधुरी।
संसारी जीवको रागी वासना झैं थरीथरी।।

(वसन्त-विचार/५७)

'हरित भाषा' प्रकृतिसँग सम्पर्क गर्ने भाषा हो, प्रकृतिसँग संवाद गर्ने भाषा हो। यसमा प्रकृतिका क्रिया, प्रक्रिया, प्रकार्य आदिको चर्चा गरिन्छ। उपर्युक्त पद्यांशहरूमा लेखनाथले प्रकृतिको सोझो वर्णन गरेको होइन। प्रकृतिको प्रकार्य उद्घाटन भएको देखिन्छ। वसन्तमा प्रकृतिले सूर्यको किरणलाई सुनका थोपाझैँ ग्रहण गर्दछ, जसको फलस्वरूप वृक्षमा नयाँ नयाँ मुना र मञ्जरीहरू लाग्दछन्। यसले सृष्टिचक्रको सञ्चालन हुँदछ। नयाँ मुना, मञ्जरीले सजिएकी प्रकृति कुनै देवीझैँ देखिन्छिन् भन्ने उनको अभिव्यक्तिमा गाया अनुकल्पनाको समान्तर अभिव्यञ्जना ध्वनित छ।

आज विश्वका जति पनि देशहरू छन्, ती सबै नै आतङ्कवाद र जलवायु परिवर्तनको सङ्कटमा छन्। यसका अतिरिक्त सबैले मानव अधिकार तथा मानव मूल्यको चर्चा गरिरहेका छन्। यसबिच पशु प्राणीको अधिकार, उनीहरूको मूल्यको आवाज कसले उठाउने? जटिल प्रश्न छ। यसैकारण साहित्यले प्रकृतिको चिन्तन गरेर, मानव अधिकारको स्तरमा प्रकृतिको अधिकारको पनि आवाज उठाइरहेको छ। परिवेश काव्यमा प्रकृतिको अधिकारबारे लेखिन्छ। मानवले आफ्ने अधिकार जसरी प्रयोग गर्न सक्छ, उसरी नै पशु प्राणीले पनि आफ्नो अधिकारको उपभोग गर्नुपर्छ भन्ने विषय परिवेश काव्यमा देखिन्छ। लेखनाथ पौड्यालले आफ्नो 'ऋतुविचार' अनि 'तरुण तपसी' काव्यमा प्रकृतिको वास्तविकता देखाएका छन्। उनले प्रकृति विषयक कविताहरू मात्र लेखेनन्। उनले शृङ्गार, नीति, अध्यात्म आदि विषयका कविताहरू पनि लेखेका छन्। वस्तुतः उनका प्रमुख काव्यकृतिहरू प्रकृति, अध्यात्म र पारिस्थितिकीय चेतनाको समुपटन र समन्वयबाट बनेका छन्। उपर्युक्त दुई काव्यबाहेक उनका फुटकर

कविताहरूमा पनि प्रकृति र पारिस्थितिकीबारे चिन्तन गरिएको पाइन्छ। उनी आफ्नो कविता 'गौँथलीको चिरिबिरी'-मा लेख्छन्-

जहाँ बस्थ्यौँ हामी भवन उहि पातालमय भो
चल्यो भारी हा हा नसहिसकनू नै प्रलय भो।
कहाँ पाउँ ठाडो घर, कसरि ओतौं शिर भनि
दुवै भाले-पोथी फनफनि घुम्यौँ व्याकुल बनी।।

(गौँथलीको चिरिबिरी/१)

यस पङ्क्तिमा गौँथलीले आफ्नो अधिकार मागेको छ। मानिसले पशु प्राणी, पक्षी सबैलाई विस्थापित गरिदिएको छ। आफ्नो नयाँ आवासका लागि मानिसहरूले पशु पक्षीको आवास नष्ट गरिरहेका छन्। त्यसैले अब कता जाने भनेर गौँथलीले आफ्नो अधिकार मागिरहेको कुरो यहाँ देखिन्छ। गौँथलीले आफ्नो वृतान्त सुनाउँदै साथै मानिसले आफ्नो सम्पति र बलमा घमण्ड गर्नु हुँदैन समयको परिवर्तन भएर राजा रङ्क र रङ्क राजासम्म हुन सक्ने उपदेश दिएपछि कविताको पात्रले अन्तिम पंक्तिमा यसरी भन्छ-

गरी यस्तो राम्रो चिरिबिरी चरी त्यो चुप भयो
भने मैले भैगो तँ बसि कुरिदे गैह्र घर यो।
पखेटा पैँचो दे, बरू म पछि आएर तिरुलाँ
दयाधारी राजासित सकर मै बिन्ति गरुलाँ।।

(गौँथलीको चिरिबिरी/१६)

यस पङ्क्तिमा आइपुग्दा मानिसले अधिकार त दिएको छ तर उसले गौँथलीको पखेटा पैँचो मागेको छ। मानिस जहिले पनि प्रगति खोजिरहन्छ। ऊ आफ्नो प्राप्तिमा कहिले सन्तुष्ट हुँदैन। लेखनाथले आफ्ना कविताहरूमा प्रकृतिको अधिकारको कुरा राख्दै नृकेन्द्री विचारधाराको विरोध गरेका छन्। 'ऋतुविचार'-मा लेखनाथले प्रकृतिको अधिकार अथवा जीव-जन्तुको अधिकारबारे यसरी लेख्छन्-

प्रत्येक वृक्षमा पक्षी आनन्दी गान गाउँछन्
त्यो सुन्दा जङ्गली जन्तु तल भैंमा रमाउँछन्।।

(वसन्त-विचार/८४)

मनुष्यको कुरा के छ पशु-पक्षी पनी सब।
मनाउँछन् खुसी मानी मञ्जु मङ्गल उत्सव॥

(शरद्-विचार/९७)

प्रकृतिमा सम्पूर्ण जीव-जन्तुको समान अधिकार छ। प्राकृतिक नियमअनुरूप प्रकृतिको उपभोग गर्ने अधिकार सबैको छ। प्रकृति केवल मानिसको सम्पत्ति मात्र होइन। मानिस आफ्नो संस्कार, संस्कृति, नियम र सीमाहरूमा बाँधिएका हुन्छन् तर प्रकृतिका नियमभित्र रहेर जीव जन्तु आदि स्वतन्त्र छन्। उनीहरूलाई मानिसको हस्तक्षेपले बाँधेको छ। सिंह र मृग परिस्थितिअनुरूप एउटै ठाउँको पानी एकसाथ पिउँछन्। उनीहरू प्राकृतिक रूपले विपरीत ध्रुवका हुन् यद्यपि पानी पिउने अधिकार उनीहरू दुवैमा समान छ। त्यसैले मानिस मात्र नभएर सारा प्रकृति नै ऋतुहरूको आगमनमा मङ्गल उत्सव मनाउँछन्। यो उनीहरूको पनि मौलिक अधिकार हो।

'ऋतुविचार'-का कविताहरू ऋतु केन्द्रित छन् तर ऋतुसँग जोडिएर आएका पारिस्थितिकीहरू पनि यसमा छन्। ऋतु स्वयं एउटा पारिस्थितिकी प्रणाली हो। त्यसैले यसमा पर्यावरणको विविधता देखिन्छ। ऋतुको सन्तुलनले नै पारिस्थितिकी निर्माण हुन्छ। लेखनाथ पौड्यालले प्रकृतिको चिन्तन गर्दा भौतिक र आध्यात्मिक दुवै दृष्टिले गरेका छन्। यस काव्यमा भौतिक पारिस्थितिकी र गहन पारिस्थितिकीको संरचना देखिन्छ। लेखनाथ लेख्छन्-

अदना त्यो चरीलाई त्यो स्वर्गीय 'सरीगम'
सधाउने विधाताको धन्य हो त्यो परिश्रम॥

(वसन्त-विचार/६९)

उपर्युक्त पद्यांशमा गहन पारिस्थितिकीको विचार अभिव्यक्त भएको देखिन्छ। वनका चरा, जीव-जन्तु आदिलाई आहार जुटाउने प्रकृति र प्रकृतिलाई उर्जा दिने आन्तरिक सन्तुलन नै गहन पारिस्थितिकी हो। त्यसैले 'ऋतुविचार'-लाई परिवेश काव्यका रूपमा ग्रहण गर्न सकिन्छ।

## ३.५ निष्कर्ष

लेखनाथ पौड्यालको 'ऋतुविचार' आध्यात्मिक विचारधाराको आधार गरेर लेखिएको खण्डकाव्य हो। यस काव्यमा प्रकृतिलाई हेर्ने दृष्टिकोण आध्यात्मिक अथवा दार्शनिक छ। प्रकृतिमा भइरहेको परिवर्तन र

प्रदूषणको जिम्मवार मानिसको नैतिकता र प्रकृतिप्रतिको अनैतिक व्यवहार हो भन्ने लेखनाथ मान्छन्। उनले यस काव्यको माध्यमद्वारा प्रकृतिलाई हेर्ने र प्रकृतिको अध्ययन गर्ने दृष्टिकोण 'हरित आध्यात्मिकता'-परक हुनुपर्छ भन्ने विचारहरू प्रकट गरेका छन्। नैतिक रूपले प्रकृतिको सुरक्षाप्रति सचेत हुनुपर्छ भन्ने सङ्केत यस काव्यमा देखिन्छ। लेखनाथले यस काव्यमा प्रकृतिको वाह्य अनि आन्तरिक सुन्दरताको वर्णन गरेका छन्। त्यसका साथै उनले प्रकृतिको महत्त्वपूर्ण उपयोगिताबारे पनि चर्चा गरेका छन्। 'ऋतुविचार' नेपाली साहित्यको पहिलो ऋतु काव्य हो। यसमा प्रकृतिको गहन चिन्तन र पारिस्थितिकीले मानव र मानवेतर जीवनमा पारेको प्रभावबारे पनि चर्चा गरिएको पाइन्छ। यो काव्य दार्शनिक विचारबाट धैरै प्रभावित छ। प्रकृति र पारिस्थितिकीको रहस्यबारे प्रकाश पार्ने प्रयास यस काव्यमा भएको छ। लेखनाथ पौड्यालले परिवेश विमर्श, परिवेश धर्मविद्या, परिवेश दर्शन, हरित आध्यात्मिकताबारे अध्ययन गर्ने मौका पाएनन् तर उनको सनातन संस्कारले प्रकृतिप्रति सद्भावना र सम्मान हुनुपर्छ भन्ने सिकाएका कुरा यस काव्यमा पाइन्छ। लेखनाथले दार्शनिक दृष्टिकोणबाट प्रकृतिको सुरक्षाका लागि तर्कहरू प्रस्तुत गरेका छन् र प्रकृतिको सङ्कटबारे निर्धक्कसँग आफ्नो अभिव्यक्ति दिएका छन्। यसैलाई महाकवि देवकोटाले 'ऋषिको जस्तो हरियो साम्यवाद'-संज्ञा दिएका छन्। यस काव्यमा प्रकृतिकेन्द्री विचार र प्रकृति सुरक्षाको अभिव्यक्ति पाइने हुनाले यसलाई 'परिवेश काव्य' भन्न सकिन्छ।